# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ज्वालामूखीं गाउँपालिका

धादिङ





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ज्वालामूखी गाउँपालिका

धादिङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

ज्वालामूखी गाउँपालिका

धादिङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ७३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ज्वालामुखी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धादिङ्ग ।

**कैफियत सहितको राय**

हामीले ज्वालामुखी गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५ करोड ५९ लाख ०२ हजार बेरुजू देखिएको छ।सोमध्ये प्रतिक्रियाबाट रू.२ लाख ६० हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ५७ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १३ लाख ६७ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ६६ लाख ८४ हजार र पेश्की बाँकी रू.१८ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.९ करोड ४८ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.१५ करोड ०५ लाख ३६ हजार रहेको छ ।गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(श्याम प्रसाद भण्डारी)**
**नायब महालेखापरीक्षक**

# ज्वालामुखी गाउँपालिका

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रू. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | २६४ | ५५९०२ | ० | १ | २६० | ४२ | २६३ | ५५६४३ | १५७९१ | १६६८४ | २१३६७ | ० | ० | ३८०५१ | १८०० |

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रू. |
|---|---|---|---|
| १ | २९ | दाखिला गर्न बाँकी कर रकम दाखिलाको प्रमाण पेश | २५९८०८ |
| जम्मा | | | |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रू. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ज्वालामुखी गा पा | ९४८९३ | ० | ० | ९४८९३ | ० | ५५६४३ | १५०५३६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

**कार्यालय र स्थान : ज्वालामूखी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय धादिंग**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बद्री नाथ लम्साल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बिदुर शर्मा नेपाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५५,६४२,६९१.६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,८२,४९,९७२.७९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,९८,०५,५०० | **चालु खर्च** | ३१,००,६६,४२५.३३ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,३७,६१,००० | **पूँजीगत खर्च** | १९,५४,९३,०६०.२९ |
| **राजश्व बाँडफाँट** | ८,७४,६४,४८६.७७ | **वित्तीय/अन्य व्यवस्था** | १८,५५,४१,९१०.३४ |
| **आन्तरिक आय** | १,०९,४४,७४३.०९ | | |
| **अन्य आय** | १४,९३,९४,७३६.९४ | | |
| **कुल आय** | ६७,१३,७०,४६६.८ | **कुल खर्च** | ६९,११,०१,३९५.९६ |
| **बाँकी मौज्दात** | | ३,८५,१९,०४३.६३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ज्वालामुखी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा,३८ सभा सदस्य, ११४.०५ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ९२२ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को एकीकृत आर्थिक प्रतिवेदन निम्न बमोजिम रहेको छः
<table>
<tr><th>सि.नं</th><th>आयतर्फ</th><th></th><th>सि.नं.</th><th>व्ययतर्फ</th><th></th></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td>५८२४९९७२.७९</td><td>१</td><td>चालु खर्च</td><td>३१००६६४२५.३३</td></tr>
<tr><td></td><td>क) नगद</td><td></td><td>२</td><td>पुँजीगत खर्च</td><td>१९५४९३०६०.२९</td></tr>
<tr><td></td><td>ख) बैंक</td><td>५१६४९५६८.६७</td><td>३</td><td>अन्य खर्च</td><td>१४६०९५७१३.८६</td></tr>
<tr><td></td><td>ग) धरौटी</td><td>६६००४०४.१२</td><td></td><td>क) प्रदेश पूर्वाधार विकास कार्यक्रम</td><td>७०५५०३०.३६</td></tr>
<tr><td>२</td><td>राजस्व (आन्तरिक आय)</td><td>१०९४४७४३.०९</td><td></td><td>ख) पर्यटन पूर्वाधार विकास आयोजना</td><td>१४५०५९२.५०</td></tr>
<tr><td></td><td>क) आन्तरिक राजस्व</td><td>१०९४४७४३.०९</td><td></td><td>ग) सामाजिक सुरक्षा</td><td>१३७५९००९१.००</td></tr>
<tr><td></td><td>ख) राजस्व बाँडफाँड</td><td></td><td>५</td><td>अनुदान फिर्ता</td><td>३५८६२११९.९०</td></tr>
<tr><td>३</td><td>वित्तीय हस्तान्तरण</td><td>३५९८०५५००.००</td><td></td><td>क) संघीय सरकार शसर्त अनुदान</td><td>२३६०२३०४.२३</td></tr>
<tr><td></td><td>क) वित्तीय समानीकरण अनुदान</td><td>१३७९०००००.००</td><td></td><td>ख) प्रदेश सरकार शसर्त अनुदान</td><td>१०७७१५३.६७</td></tr>
<tr><td></td><td>ख) सशर्त अनुदान</td><td>२१९६३५५००.००</td><td></td><td>ग) प्रदेश सरकार विशेष अनुदान</td><td>०.००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | ग)सडक वोर्ड नेपाल | २२७००००.०० | | घ) प्रदेश सरकार समपुरक अनुदान | १११८२६६२.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **६३७६१०००.००** | ६ | **धरौटी फिर्ता** | **१८६२९२४.५८** |
| | क) वित्तीय समानीकरण अनुदान | ११९२५०००.०० | ७ | **प्रकोप व्यव्स्थापन कोष खाता** | **१७२११५२.००** |
| | ख) सशर्त अनुदान | १९३४९०००.०० | ८ | **बाँकी मौज्दात** | **३८५१९०४३.६३** |
| | ग) समपुरक अनुदान | २९९८७०००.०० | | क) नगद मौज्दात | |
| | घ) विशेष अनुदान | २५०००००.०० | | ख) बैंक मौज्दात | ३२२०३६९३.०१ |
| ५ | **राजस्व वाँडफाँड** | **८७४६४४८६.७७** | | ग) धरौटी मौज्दात | ५४१३२८२.५४ |
| | क) संघीय सरकार | ७३६३२२८८.५३ | | घ) प्रकोप व्यव्स्थापन कोष खाता मौज्दात | ९०२०६८.०८ |
| | ख) प्रदेश सरकार (सवारी साधन कर) | १३८३२१९८.२४ | | | |
| ६ | **अन्य** | **१४६०९५७१३.८६** | | | |
| | क) प्रदेश पूर्वाधार विकास कार्यक्रम | ७०५५०३०.३६ | | | |
| | ख) पर्यटन पूर्वाधार विकास आयोजना | १४५०५९२.५० | | | |
| | ग) सामाजिक सुरक्षा | १३७५९००९१.०० | | | |
| ७ | **प्रकोप व्यवस्थापन कोष खाता** | **२६२३२२०.०८** | | | |
| ८ | **धरौटी आय** | **६७५८०३.००** | | | |
| | **जम्मा** | ७२९६२०४३९.५९ | | **जम्मा** | ७२९६२०४३९.५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली** सामाजिक सुरक्षा भत्ता वापतको रु.१६,३०,१६०।४४ र पारिश्रमिक कर रु.२,४७५।गरी जम्मा रु.१६,३२,६३५।४४ लेखापरीक्षणको क्रममामा असुली भई संघीय बेरुजु खातामा दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भएतापनि पूर्ण रुपमा लेखाङ्कन हुन सकेको छैन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पूर्ण रुपमा प्रयोग गरेको छैन ।<br>लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेस गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.७,९४,६५,४०६।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५,८२,४९,९७२।७९ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,१२,१५,४३३।२१ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ६ | | | **बैंक हिसाब मिलान नगरेको** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता | ५६५१८७५ | १२२७२८२५ | ६६२०९५० |
| २ | पुँजीगत खर्च खाता | २१०९२३८६ | ३७७९२३८६ | १६७००००० |
| ३ | स्थानीय तह धरौटी खाता | ५४१३२८३ | ५४१३२८३ | ० |
| ४ | स्थानीय तह संचित कोष | २२५८५८३२ | ३२२०३६९३ | ९६१७८६१ |
| | **जम्मा** | **५४७४३३७५** | **८७६८२१८६** | **३२९३८८११** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको पाईएन।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकीकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• कर कट्टी रकम बर्षको अन्त्यमा एकमुष्ठ दाखिला गरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण र उपयोग**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्ति र जग्गा एवं मर्मत सम्भार तथा संरक्षणको अभिलेख नरहेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पूर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी/गराइ अभिलेख राख्नु पर्दछ । | |
| ९ | | | **जिन्सी लगत**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सा े गरेको पाइएन । पालिकाले जिन्सी लगत तयार गर्नुपर्दछ । | |
| १० | | | **लेखा श्रेस्ता**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ मा पालिकाले आय व्ययको अभिलेख अधावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणलाई पेस गरेको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं २७२, बैंक नगदी किताब शीर्षकगत आर्थिक विवरणहरू भिडान गर्दा आम्दानी, खर्च पेस्कीको अभिलेख अद्यावधिक रुपमा राखेको पाइएन । पालिकाले आर्थिक कारोबारको हिसाब सुत्रमा आवद्द गरेतापनि केही पेस्की फर्स्यौंट गरेको भौचर सुत्रमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रविष्टि नगरी म्यानुअल रुपमा फस्यौंट गरेको छ । | |
| ११ | | | **बेरुजु लगत**<br>बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख अवस्था अनुसार म. ले. प. फाराम अद्यावधिक राखेको पाइएन । | |
| १२ | | | **सूचना प्रविधि**<br>सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो भए नभएको<br>• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरे नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भए नभएको । | |
| १३ | | | **कानुन निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २४ ऐन, ४ नियमावली, ५१ कार्यविधि ३ निर्देशिका समेत ८२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको १ गरी कुल ३ विवाद दर्ता भएकोमा २ वटा मात्र फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १५ | | | **फिर्ता दाखिला**<br>आर्थिक वर्ष २०७९।७८ मा निकासा मध्ये बाँकी रहेका संघीय सशर्त अनुदान तर्फ रु.२,३६,०२,३०४।२३ र प्रदेश ससर्त अनुदानको रु.१,२२,५९,८१५।६७ समेत जम्मा रु.३,५८,६१,११९।९० मिति २०७९।४।२३ मा कोष तथा लेखा नियन्त्रक कार्यालय धादिङ र प्रदेश लेखा इकाई कार्यालय, धादिङ शाखामा दाखिला भएको छ । | |
| १६ | | | **क्षेत्रगत बजेट**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५१३८४१३२ | ४७९६१६९९ | ९.६० |
| सामाजिक क्षेत्र | २५७१९२९१९ | २२५३९७३९७ | ४५.१० |
| पूर्वाधार विकास क्षेत्र | १३८२९९१४८ | १०७२३८५३० | २१.४६ |
| सुशासन तथा अन्तरम्बन्धित क्षेत्र | ११५८०००० | ८०४२३५५ | १.६१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२४४५९००० | १११११७६९७१ | २२.२४ |
| **जम्मा** | **५८२९१५१९९** | **४९९८१६९५२** | **१००.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४५.१० र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.६१ प्रतिशत रहेको छ।अतः पालिकाले एकीकृत, समानुपातिक बजेट विनियोजन गर्नुपर्दछ । | |
| १७ | | | **सम्पत्ति हस्तान्तर र अभिलेख**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार, संरक्षण, हस्तान्तरण र अभिलेख राख्नुपर्दछ । पालिकाले साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक नगरेको र वडा कार्यालयमा रहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन । जिन्सी खातामा मालसामानहरूको मूल्य समेत आंशिक मात्र खुलेकाले अभिलेख अद्याविक हुनुपर्दछ। | |
| १८ | | | **खर्च विश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.१,५७,७०,०००।-, राजस्व बाँडफाँट र अनुदानबाट रु ५६,७१,४५,१९८।२४ समेत रु.५८,२९,१५,१९८।२४ आम्दानी भएकोमा चालु तर्फ रु.३१,००,९४,९०२।३३ र पुँजीगत तर्फ रु.१८,९७,२२,०५०।१६ समेत रु.४९,९८,१६,९५२।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.१६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५१,३६,७००।- खर्च भएको छ जुन आन्तरिक आयको ३२.५७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५३.२० प्रतिशत चालु र ३२.५५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १९ | | | **चौमासिक पुँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ स्वीकृत भएको कार्यक्रममा नियम २५ चौमासिक प्रगति | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विवरण वनाई पेस गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१८,९७,२२,०५०।१६ निकासा भएकोमा प्रथम चौमासिकमा खर्च नभएको अर्थात् ०.०० प्रतिशत, दोश्रो चौमासिकमा रु.४,१०,६५,९२८।१६ अर्थात् २१.६५ प्रतिशत र तेश्रो चौमासिकमा रु.१४,८६,५६,१२२।- अर्थात् ७८.३५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६,०२,८४,८३७।- अर्थात् ३१.७८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| २० | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न विभिन्न पदमा ४५ जना कर्मचारीहरू करारमा राखी रु.१,३७,१४,२७२।- खर्च लेखेको छ । | |
| २१ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को सम्पूर्ण आर्थिक कारोबारको कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखापरीक्षक पदमा १ कर्मचारी कार्यरत रही निजको पारिश्रमिकमा बर्षभरीमा रु.४,१८,६००।- खर्च भएकोमा सम्पूर्ण कारोवारको आन्तरिक लेखापरीक्षण नभएको उचित देखिएन । तसर्थ कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **धरौटी फिर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ तथा अर्थ मन्त्रालयको राजस्व महाशाखाको २०६९/६/१७ को परिपत्र अनुसार धरौटी फिर्ता गर्दा धरौटी कारोबार वर्षको कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण यकिन गरेर मात्र दिनुपर्ने उल्लेख छ । कार्यालयले ओ. एस. इन्जिनियरिङ्ग निर्माण सेवा (६०४३१२२७५) लाई कर चुक्ता प्रमाणपत्र र कर समायोजन पत्र बेगर रु.७,२२,४१०।- धरौटी फिर्ता गरेको देखियो । अतः उक्त फर्मबाट मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने देखिएको रु. | ७२२,४१० |
| २३ | | | **बजेट पेस, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष श्री जानुका सिंखडाले २०७८।३।१० गते रु.५४ करोड ९८ लाख ४२ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७८।३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| २४ | | | **तलबी प्रतिवेदन पारित**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१,८४,२२,३०५।८५ खर्च लेखेको पाईयो । | |
| २५ | | | **पेस्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्स्यौट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा | १,८००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नियमानुसार म्याद ननाघेको पेस्कीलाई बेरुजु नमानिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल पेस्की रु.३८,२८,४५२।-। बाँकी रहेकोमा म्याद ननाघेको पेस्की रु.२०,२८,४५२।- र देहाय अनुसार म्याद नाघेको रु.१८,००,०००। पेस्की फस्यौंट नभई बाँकी रहेको देखियो । नियमानुसार उक्त पेस्की असुल फस्यौंट हुनुपर्ने रु.</td><td></td></tr>
</table>

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| **१** | **कर्मचारी** | | | | | |
| १ | ६५२७८ | ७३ | बाबुराम दुवाडी | १००००० | ० | १००००० |
| २ | ६५४६३ | ४६६ | धन बहादुर मास्की | ० | ८००००० | ८००००० |
| | | | **जम्मा** | **१०००००** | **८०००००** | **९०००००** |
| **२** | **ठेकेदार** | | | | | |
| १ | ६५१०६ | ५२ | ओ एस इन्जीनियरिङ निर्माण सेवा प्रा लि | ३८६४५२ | ० | ३८६४५२ |
| २ | ६५१०६ | ५२ | ज्वालामुखी कन्स्ट्रक्सन | ६००००० | ० | ६००००० |
| ३ | ६५३१३ | ५४ | ओ एस इन्जीनियरिङ निर्माण सेवा प्रा लि | ४००००० | ० | ४००००० |
| | | | **जम्मा** | **१३८६४५२** | **०** | **१३८६४५२** |
| **३** | **व्यक्तिगत** | | | | | |
| १ | ६५२३५ | १७ | गणेश गुरुङ | १२६००० | ० | १२६००० |
| २ | ६५२३५ | १७ | निर बहादुर आले मगर | ११२००० | ० | ११२००० |
| ३ | ६५२३५ | १७ | रविन थापा | ९८००० | ० | ९८००० |
| ४ | ६५२३५ | १७ | सुशिला श्रेष्ठ | ५६००० | ० | ५६००० |
| ५ | ६५३५९ | ३१७ | शंकर राज श्रेष्ठ | १५०००० | ० | १५०००० |
| ६ | ६५४६० | ३५ | विष्णु श्रेष्ठ | ० | ५००००० | ५००००० |
| ७ | ६५४६० | ६७२ | विष्णु श्रेष्ठ | ० | ५००००० | ५००००० |
| | | | **जम्मा** | **५४२०००** | **१००००००** | **१५४२०००** |
| | | | कुल जम्मा | २०२८४५२ | १८००००० | ३८२८४५२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>
योजना र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु.१ लाखभन्दा कमको योजना</td><td>२७४</td><td>४०३५०००</td></tr>
<tr><td>२</td><td>रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना</td><td>१८०</td><td>२२२०००००</td></tr>
<tr><td>३</td><td>रु.५ लाखदेखि १० लाख सम्मका योजना</td><td>८०</td><td>२६८०००००</td></tr>
<tr><td>४</td><td>रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>१५</td><td>६३५००००</td></tr>
<tr><td>५</td><td>रु.५० लाख भन्दा माथिका</td><td>१</td><td>५२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५५०</td><td>६४५८५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
विविध खर्च<br>
स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विबिध खर्च गर्नु पर्ने व्यबस्था छ । पालिकाले यस आर्थिक बर्षमा खाजा,खाना लगायतका विबिध तर्फमात्र रु ३९,७१,२०६।००खर्च गरेको छ।यस्तो प्रकारका खर्च भुक्तानीमा औचित्य पुस्ट्याई हुने प्रमाण कागजात संलग्न गरी भुक्तानी तथा खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>
कोभिड-१९ तर्फ<br>
आ.व. २०७८।७९ को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शीर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td></td><td>राहत वितरण</td><td>२२७५५०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>२६२२३२०</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>१७५६४६</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधि एवं स्वास्थ्य उपकरण खरिद</td><td>७४१६९२</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>०</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>०</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>२५२५६०</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>१२२५७७२</td></tr>
<tr><td>जम्मा</td><td>२६२२३२०</td><td></td><td>२६२३२२०</td></tr>
</table>
यस सम्बन्धमा निम्नानुसार देखिएको छः
</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>पालिकाले वडा नं ३ को अमरवती मा.वि. जगेडा भवनमा क्वारेन्टाइन व्यवस्थापनमा रु.१,७५,६४६।-, औषधि एवं स्वास्थ्य उपकरण खरिदमा रु.७,४१,६९२।– खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>
खोप कार्यक्रम - नेपाल सरकारले सबै लक्षित जनसंख्यालाई कोभिड-१९ को खोप सुनिश्चत गर्न राष्ट्रिय खोप सञ्चालन योजना स्वीकृत गरेको छ । उक्त योजनामा नेपालमा ७२ प्रतिशत जनसंख्यालाई खोप लगाउने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष निम्नानुसार खोप कार्यक्रम संचालन भएको छः
<table>
<tr><th colspan="3">१२ वर्ष माथि</th><th colspan="3">१८ वर्ष माथिका</th></tr>
<tr><th>पहिलो मात्रा</th><th>दोश्रो मात्रा</th><th>तेश्रो मात्रा</th><th>पहिलो मात्रा</th><th>दोश्रो मात्रा</th><th>तेश्रो मात्रा</th></tr>
<tr><td>१२३७७</td><td>१५७४२</td><td>८१६०</td><td>१००१७</td><td>१३९२६</td><td>६३४९</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कट्टी रकम बाँकी**<br>*ऋ..... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.२,५९,८०८।- ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ३० | | | **सेवा प्रवाह**<br>लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७८।७९ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ।<br><table><tr><th>सि.नं.</th><th>विवरण</th><th>विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या</th></tr><tr><td>१</td><td>विवाह दर्ता</td><td>४९०</td></tr><tr><td>२</td><td>जन्म दर्ता</td><td>१३३२</td></tr><tr><td>३</td><td>मृत्यु दर्ता</td><td>३०६</td></tr><tr><td>४</td><td>बसाईसराई दर्ता</td><td>३४५</td></tr><tr><td>५</td><td>सम्बन्ध विच्छेद</td><td>३०</td></tr><tr><td>६</td><td>नागरिकता सिफारिस</td><td>१२४७</td></tr><tr><td>७</td><td>निवेदन सिफारीस</td><td>३२५४</td></tr><tr><td>८</td><td>घरबाटो सिफारीस</td><td>८६७</td></tr><tr><td>९</td><td>चारकिल्ला सिफारिस</td><td>८०५</td></tr><tr><td>१०</td><td>नाता प्रमाणित</td><td>१२६८</td></tr></table> | |
| ३१ | | | **स्थानीय भत्ता**<br>केदार इटनी को मिति २०७८ श्रावण १ देखि २०७९ अषाढ मसान्त सम्मको सेवा करार सम्झौतामा स्थानीय भत्ताको विषयमा केहि उल्लेख गरेको देखिएन तर कार्यालयले प्रत्येक महिना रु १२९० का दरले स्थानीय भत्ता उपलब्ध गराएकोले उक्त सम्झौता बेगरको खर्च रकम असुल गर्नु पर्ने रु | १५,४८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अधारभूत सिद्धान्त र मापदण्ड सङघिय कानुन बमोजिम हुनेछ, दफा ८६(२) मा उपदफा १ को अधिनमा रहि मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।पालिकाले मिति २०७८ असार २० गतेको सातौं गाँउ सभाको निर्णय नं २८ अनुसार प्राविधिक कर्मचारीहरूको मासिक तलवको २५ प्रतिशत नबढ्ने गरी फिल्ड भत्ता र अन्य सेवा का कर्मचारीलाई मासिक तलव स्केलको १० देखि २५ प्रतिशत सम्म प्रोत्साहन भत्ता भुक्तानी गर्ने निर्णय गरेको देखियो ।पालिकाले प्रोत्साहन वापत रकम रु १३७००००।०० खर्च गरेको देखिएको छ । पालिकाले प्रोत्साहन भत्ता लगायत कर्मचारी सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था बमोजिम खर्च भुक्तानी गर्दा आफ्नो कार्यक्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता, खर्चको आकार अदीलाई मध्यनजर गर्दै स्वीकृत कार्यविधि तथा कानुन बनाई निश्चित सूचकका आधारमा कार्यसम्पादन मूल्याङकन गरी प्रोसाहन सुविधा भुक्तान गर्नुपर्नेमा कुन कर्मचारीले कुन समयमा अतिरिक्त काम गरेको हो सो को विवरण नराखि भुक्तानी गरेको देखियो ।तसर्थ सम्बन्धित कानुन बनाएर कार्यसम्पादनको आधारमा मात्र यस्ता सुविधा भुक्तानी गर्नु पर्दछ । | |
| ३३ | | | **अन्य निकायको खर्च**<br>पालिकाको स्वामित्वमा रहेको बाहेकका कुनै संस्थाको कार्यालयसञ्चालन सम्बन्धित खर्च गर्न मिल्दैन पालिकाले साँधभञ्ज्याङ र मैदी प्रहरी चौकी को गरी कुल रकम रु ६५००००।००खर्च गरेको देखिन्छ । पालिकाको स्वामित्वमा नरहेको उक्त संस्थाको लागि गरिएको खर्च अनियमित देखिएको रु | ६५०,००० |
| ३४ | | | **करार कर्मचारीलाई संचयकोष**<br>निजामती सेवा ऐन, २०४९ को दफा ३१ मा निजामती कर्मचारीहरुको मात्र मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरीदिने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको | १,७०५,७६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकतालाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार विभिन्न सेवा तथा समूहमा २१ जना कर्मचारी करार पदपूर्ती देखिन्छ । मिति २०७८ आषाढ २० गतेको गाँउसभाको निर्णय नं २८ ले करारका कर्मचारीलाई मासिक रु ५ प्रतिशतका का दरले सम्बन्धित कर्मचारीको तलब बाट कट्टा गर्ने र पालिकाले सोहि बराबारको रकम थप गरी जम्मा रकम रु.६३६२६९।५० र एकमुष्ट रकम रु.१००००००।०० र गतबर्षको ६९४९२।०० गरी कुल रकम रु १७०५७६१।५ खर्च गरेको देखियो। करारका कर्मचारीलाई संचय कोष थप गरी संचय कोष कट्टी रकम कर्मचारी कोष कार्यालयमा दाखिला गर्न पाउने व्यवस्था कानुनमा देखिंदैन । तसर्थ उक्त रकम असुल गरी संचित दाखिला गर्नुपर्ने रु. | |
| ३५ | | | **प्रमाण कागजात पेश नभएको**<br>११४।२०७८।१०।६ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम नियम ३९(५) मा कारोवारको लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्द रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले आयआर्जन प्रवर्द्धन कार्यक्रम भनी रु ११¸२०,०००।००खर्च लेखेको छ ।कार्यक्रम सञ्चालन भएको मिति, स्थानमा, आयोजक, सहभागी संख्या, प्रशिक्षक, कुल लागत, लाभग्राही संख्या लगायतका विवरण विवरण संलग्न देखिएन । उक्त कार्यक्रम प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १,१२०,००० |
| ३६ | | | **घर भाडा**<br>पालिकाले कार्यालय प्रयोजन तथा क्वाटर प्रयेजनका लागि भनी घर भाडामा लिएको देखियो । निम्न घरधनिलाई सम्झौता रकम भन्दा बढी रकम भुक्तान गरेको देखिएको रु | ३२,००४ |

| क्र.सं. | घरधनीको नाम | सम्झौता रकम मासिक | भुक्तानी दिएको रकम मासिक | बढी रकम बार्षिक |
|---|---|---|---|---|
| १ | सुरेन्द्र शाक्य | २१०००।०० | २३३३४ | २८००८।०० |
| २ | सन्तमाया गुभाजु | ३०००।०० | ३३३३।०० | ३९९६।०० |
| | | | **जम्मा** | **३२००४।००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **अनुगमन भत्ता**<br>बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रको योजनाहरुको अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउंने व्यबस्था उल्लेख भएको देखिदैंन।पालिकाले गाउँ सभाको निर्णय बेगर भौचर नं. ४३६ मिति २०७९।३।२४ मा पालिका उपाध्यक्षलाई विभिन्न ३१ योजनाहरु अनुगमन गरेको भनी अनुगमन मुल्यांकन खर्च शिर्षकबाट अनुगमन भत्ता एकमुस्ट रु.१०००००।भुक्तानी गरेको देखियो।भुक्तानी कागजातमा ३१ बटा योजनाको नाम संलग्न भएकोमा अनुगमन भत्ता दर समेत नखुलाई भुक्तानी भएको र नियममा व्यबस्था नभएको सुविधालाई गाउँसभाबाट निर्णय समेत नगराई भुक्तानी भएको खर्च रकम कर बाहेक असुल हुनु पर्ने रु. | ८५,००० |
| ३८ | | | **पदाधिकारी संचार सुविधा**<br>बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५ को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले तोकीए बमोजिमका सेवा सुविधाहरु पाउने उल्लेख छ।पालिकाले भौचर नं ४१७ मिति २०७८।३।२३ मा पदाधिकारीहरुका लागि संचार शुल्क भनी धन बहादुर मास्कीको पेश्की फछ्यौंटमा रु.३१८३१२।खर्च भुक्तानी भएको देखियो। पालिकाले साउन देखि बैसाख सम्मको पदाधिकारीहरुको मासिक संचार सुविधा पेरुलमा समावेश नगरी पालिका अध्यक्ष, उपाध्यक्ष सहित ७ वडाका वडा अध्यक्षहरु गरी ९ जनाको गरी मासिक रु.२०,०००। ले साउन महिना देखि बैशाख सम्मको १० महिनाको रु.१८०,०००।मात्र भुक्तानी गर्नु पर्नेमा विभिन्न मोबाईल नम्बरहरुमा विभिन्न मितिमा रिचार्ज गरेको अनलाईन ट्रान्जेक्शनका बिलहरु संलग्न गरी ऐनमा तोकिएको भन्दा बढी भुक्तानी भएको संचार खर्च रकम रु.१,३८,३१२। पेश्की संचालकबाट असुल हुनुपर्ने रु. | १३८,३१२ |
| ३९ | | | **दोहोरो यातायात सुविधा**<br>बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५ को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले यदि सवारी साधन नलिएमा तोकीएको दरमा यातायात खर्च | २१६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाउने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विबरण अनुसार निम्न बमोजिमका पदाधिकारीहरुलाई सवारी साधन सरकारी मोटरसाईकल उपलब्ध गराएको अबस्थामा समेत मासिक यातायात खर्च भुक्तानी गरेको देखियो। सवारी साधन बुझिलिएका पदाधिकारीहरुलाई भुक्तानी भएको यातायात खर्च असुल गर्नुपर्ने रु. | |

| पद र नाम | महिना | दर | रकम |
|---|---|---|---|
| वडा अध्यक्ष तेजनाथ लोहनी | साउन देखि बैशाख | ४०००। | ४००००। |
| वडा अध्यक्ष राम बहादु सिलवाल | कार्तिक देखि बैशाख | ४०००। | २८०००। |
| वडा अध्यक्ष रत्न बहादुर शाही | कार्तिक देखि बैशाख | ४०००। | २८०००। |
| वडा अध्यक्ष रुद्रमान श्रेष्ठ | कार्तिक देखि बैशाख | ४०००। | २८०००। |
| वडा अध्यक्ष कृष्ण बहादुर गुरुङ | साउन देखि अषाढ | ४०००। | ४८०००। |
| वडा अध्यक्ष अर्जुन अर्याल | कार्तिक देखि बैशाख | ४०००। | २८०००। |
| वडा अध्यक्ष किशोर सेढाई | बैशाख र जेठ | ४०००। | ८०००। |
| वडा अध्यक्ष राजु लोप्चा | बैशाख र जेठ | ४०००। | ८०००। |
| | | **जम्मा** | २१६०००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **डिपीआर खर्च**<br>बजेट व्यबस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपिआर लगायतको अध्ययन गरी प्रतिबेदन तयार गर्नु पर्दछ। पालिकाले यस बर्ष निम्न अनुसारको कार्य परामर्शदाताबाट गराई प्रतिबेदन प्राप्त गरेको छ। | १,१९४,०७० |

| भौचर नं र मिति | परामर्शदाता | कार्य विबरण | खर्च रकम |
|---|---|---|---|
| ३१६,२।१३ | रिस्ती मादी रिसर्च एण्ड कन्सल्टेन्सी | गण्डकी नदीमा पुल निर्माणका लागि | ४९७२०० |
| ४४५,३।२४ | ग्रिन ईनोभेटिभ डेभलपमेन्ट कन्सल्टेन्सी | Policy and action plans for the localization of sustainaible development goals. | १२९९५०० |
| ४४५,३।२४ | ग्रिन ईनोभेटिभ डेभलपमेन्ट कन्सल्टेन्सी | Preparation of the strategic development plan | १८९८४०० |
| | | | ३६९२१०० |

यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अध्ययन कार्य गराउंदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट भन्दा बढी रकम खर्च गरेको देखियो ।<br>• डिपीआर तयार गर्दा पालिकाको प्राबिधिक जनशक्ती प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा प्रालिकाको प्राविधिक जनशक्तीबाट यस्तो कार्य गराउँनु पर्दछ ।<br>• अध्ययन प्रतिबेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।<br>• तयारी भएका प्रतिबेदनहरुको जिन्सी दाखिला नदेखिएकोले दाखिलाको प्रमाण पेश हुनु पर्ने र ग्रिन ईनोभेटिभलाई कूल भुक्तानी रु ३१,९७,९००।मा रु २०,०३,८३०।सेवा र परामर्श शिर्षकबाट र रु ११,९४,०७०।शिर्षक फरक पारी राजपत्र छपाई तथा अन्य कार्यविधि छपाई शिर्षकबाट भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रु. | |
| ४१ | | | **कर्मचारी स्तर बृद्धि**<br>पालिकाले बागमती प्रदेश सरकारले जारी गरेको स्थानीय सेवाको गठन तथा संचालन सम्बन्धमा गर्न बनेको अध्यादेश, २०७८ बमोजिम प्रदेश भित्रका स्थानीय तहका बहालवाला स्थायी कर्मचारीको हकमा उल्लेखित अध्यादेशको दफा ६(१) बमोजिम योग्यता पुगेका कर्मचारीलाई पदाधिकार रहेको कार्यालयको सम्बन्धित अख्तियारवालाबाट निर्णय भई तह मिलान हुने स्पष्ट व्यवस्था भएको हुँदा सोही बमोजिम हुने व्यहोरा जानकारी गराउने भन्ने प्रदेश लोकसेवा आयोग बागमती प्रदेशको प.सं. २०७८।७९ च.नं. ४६७ मिति २०७८।३।२३ मा परिपत्र समेत देखियो । गाउँपालिकाको मिति २०७९।२।१८ को कार्यपालिकाको बैठकको निर्णयानुसार स्थानीय सेवाको गठन तथा संचालन सम्बन्धमा गर्न बनेको अध्यादेश, २०७८ को दफा ६(१) बमोजिम देहायका छैटौं अधिकृतहरूलाई अधिकृत सातौ तहमा तह मिलान गरेको देखियो । संघीय निजामती सेवा ऐन बन्नु अगावै प्रदेश सरकारले स्थानीय सेवाको गठन तथा संचालन अध्यादेश गरी पदस्थापन गरेको देखियो । माथिल्लो तहमा पदस्थापना गरेका कारण स्थानीय सरकारलाई थप व्ययभार परेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">कर्मचारीको नाम</th><th rowspan="2">साविक पद</th><th rowspan="2">पदस्थापन गरिएको पद</th><th colspan="2">साविक</th><th colspan="2">पदस्थापन गरिएको</th><th rowspan="2">थप व्ययभार</th><th rowspan="2">ज्येष्ठ र आषाढ</th></tr>
<tr><th>तलब</th><th>ग्रेड</th><th>तलब</th><th>ग्रेड</th></tr>
<tr><td>१</td><td>अनिता छत्कुली थापा</td><td>अधिकृत छैटौं</td><td>अधिकृत सातौं</td><td>३७९९०</td><td>२५३४</td><td>३९८७०</td><td>१३२९</td><td>१९४५</td><td>३८९०</td></tr>
<tr><td>२</td><td>उद्धव रिमाल</td><td>अधिकृत छैटौं</td><td>अधिकृत सातौं</td><td>३७९९०</td><td>२५३४</td><td>३९८७०</td><td>१३२९</td><td>१९४५</td><td>३८९०</td></tr>
<tr><td>३</td><td>देवकी सिंखडा</td><td></td><td>अधिकृत सातौं</td><td>३७९९०</td><td>२५३४</td><td>३९८७०</td><td>१३२९</td><td>१९४५</td><td>३८९०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>११३९७०</td><td>७६०२</td><td>११९६१०</td><td>३९८७</td><td>५८३५</td><td>११६७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>महंगी भत्ता<br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१।१९ को निर्णय अनुसार सवै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन १८।२०७३।४७ चलानी नं २१७ मिति २०७४।१।२५ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता पाउने उल्लेख गरेको देखिदैन।पालिकाले करार कर्मचारीहरु सुचना प्रविधि अधिकृत तथा सव ईन्जिनियर लगायत १४ जनालाई करार सम्झौतामा उल्लेख गरी महंगी भत्ता मासिक रु २०००।का दरले रु३३६०००।भुक्तानी गरेको देखियो।यसरी निर्देशिका विपरितको नियममा उल्लेख नभएको महंगी भत्ता सुविधा भुक्तानी नियमसम्मत नभएको रु.</td><td>३३६,०००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्रमाण पेश गर्नु पर्ने<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने वील, भर्पाई तथा प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था उल्लेख छ ।पालिकाले भौचर नं ४४६ मिति ।०७९३।२४ मा विकेओआई जयमाता जे भी लाई रु १५००००।भुक्तानीमा विल विजक लगायतका कागजात वेगर कुन कार्यका लागि भुक्तानी भएको हो सो समेत नखुलाई गोश्वारा भौचरका आधारमा भुक्तानी भएको देखियो । तसर्थ खर्चसंग सम्बन्धित प्रमाण कागजात पेश हुनु पर्ने रू.</td><td>१५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>पेश्की फछ्र्यौंट<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७को नियम ४७ (१) मा कुनै व्यक्ति वा संस्थालाई सरकारी कामको लागि पेश्की भुक्तानी गर्दा कुन कामको लागि के कति रकम चाहिने हो सोको स्पष्ट विबरण यकिन गरेर मात्र खर्च भुक्तानी गर्नु पर्ने उल्लेख छ।पालिकाले भौचर नं २८८ मिति २०७९।१।२१ मा मायानाथ सिलवाललाई स्पष्ट कार्य योजना बेगर भुक्तानी भएको पेश्की फछ्र्यौंटमा मेसिनद्धारा काम गराएको भनी जे सि वि प्रयोग बापतको बिल रु १६०००३।को कुन स्थानमा, कति कार्य सम्पन्न भएको हो सो नजनाई प्राविधिक नापजाँच बेगर भुक्तानी भएको र सांस्कृतिक कार्यक्रम संचालन खर्च भनी रु१३७५७०। भुक्तानीमा कुन मितिमा, कहा भएको र कार्यक्रम प्रतिबेदन समेत संलग्न नगरी खर्च भुक्तानी भएको खर्चहरुको सम्बन्धमा विश्वस्त हुन सकिएन।साथै वडा नं ७ का पदाधिकारीहरुलाई अनुगमन भत्ता बुझाएको भनी जनाएको खर्चमा निम्न बमोजिमका पदाधिकारीहरुले कहाको योजना, कुन कुन योजना, कुन मितिमा भन्ने अनुगमन प्रतिबेदन बेगर अनुगमन भत्ता रु १५,०००। का दरले भुक्तानी गरेको देखियो।ऐनमा व्यबस्था नभएको पदाधिकारीको अनुगमन भत्ता भुक्तानी गर्न नमिल्ने रकमअसुल गर्नु पर्ने र खर्चसंग सम्बन्धित प्रमाण कागजात तथा कार्यक्रम प्रतिबेदन संलग्न गरेर मात्र भुक्तानी गर्नु पर्दछ।
<table>
<tr><th>पद</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>वडा अध्यक्ष</td><td>तेजनाथ लोहनी</td><td>१५०००</td></tr>
<tr><td>वडा सदस्य</td><td>मायानाथ सिलवाल</td><td>१५०००</td></tr>
<tr><td>वडा सदस्य</td><td>सिता लोहनी</td><td>१५०००</td></tr>
<tr><td>वडा सदस्य</td><td>सिता नेपाली</td><td>१५०००</td></tr>
<tr><td colspan="2" align="right">जम्मा</td><td>६००००</td></tr>
</table></td><td>६०,०००</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>भ्रमण खर्च<br>भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यालयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष कार्यालयले उपलव्ध गराएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विवरण अनुसार रु. ३५ लाख भ्रमण खर्च भएको छ ।भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन ।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो। यस्तो खर्च गर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।<br>• अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष तथा सचिव सहित, प्रमुख प्रशासकिय अधिकृत र पालिका अध्यक्ष सम्मका पदाधिकारी तथा कर्मचारीहरुको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।<br>अतःतोकिएको कानुनी व्यवस्थाको पालना गरी स्पष्ट प्रयोजन र उद्देश्य सहित को भ्रमण आदेश स्वीकृत गरी भ्रमण प्रतिबेदन संलग्न गरेर मात्र भ्रमण खर्च भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ४६ | | | **आर्थिक बर्षको अन्तमा कार्यक्रम पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५० को ४ मा आर्थिक बर्षको अन्त सम्ममा बजेट फ्रिज हुन नदिने उदेश्यले कसैलाई पेश्की दिन नमिल्ने कुरा उल्लेख छ ।पालिकाले महिला लक्षित वर्ग अन्तर्गतका बजेट अनुसार महिलाहरुको क्षमता विकास कार्यक्रम अन्तर्गत ड्राईभिङ कार्य प्रशिक्षणका लागि मिति २०७९।१।१५ मा धादिङ ड्राईभिङ एण्ड प्रिटेस्ट स्कूल प्रा लि संग जेठको पहिलो हप्तादेखि १५ दिनको तालिम संचालन गर्ने भनी सम्झौता भएकोमा उक्त ड्राईभिङ स्कूलले तोकीएको समयमा कार्य सम्पन्न नगरी सोही कार्यको भुक्तानीका लागि कार्यसम्मन्न गर्नु पर्ने अवधि सकेपछि भौचर नं ४६६ मिति २०७९।३।२४ मा धन बहादुर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मास्कीलाई पेश्की रु८,००,०००।भुक्तानी गरेको देखियो।सम्झौता बमोजिक तोकिएको मितिमा कार्य सम्पन्न गराउने तथा आर्थिक बर्षको अन्तमा पेश्की भुक्तानी कार्यको सुधार तर्फ कार्यालयले ध्यान दिनु पर्दछ। | |
| ४७ | | | **मुल्य अभिबृद्धि कर**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन)को नियम ६ (ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको भुक्तानीमा ३० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भूक्तानी दिने उल्लेख छ।पालिकाले देहायअनुसारको भुक्तानीमा मू.अ कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २२४,६८३ |

| भौचर नं. | कार्य | सप्लायर्स | मू.अ. कर | ३०प्रतिशत |
|---|---|---|---|---|
| ३८०,३।२० | कम्प्यूटर ल्यापटप मर्मत | सुसमर्पण एण्ड मोबाईल शप | ५६१७० | १६८५१ |
| ३६६,३।१८ | फर्निचर तथा स्टेशनरी खरिद | नीलबण्ठ प्रेष एण्ड स्टेशनरी | २३०२८२ | ६९०८५ |
| २५७,१।१७ | वृत्तचित्र निर्माण | खबर सिटी मिडिया प्रा लि | ३७३८९ | ११२१७ |
| ३१६,२।१३ | डी पि आर निर्माण | रिस्ती मादी रिसर्च निर्माण एण्ड कन्सल्टेन्सी | ५७२०० | १७१६० |
| ४४५,३।२४ | डी पिआर निर्माण/policy and action plan | ग्रिनईनोभेटिभ डेभलपमेन्ट कन्सल्टेन्सी प्रा लि | ३६७९०० | ११०३७० |
| | | | **जम्मा** | **२२४६८३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा | ३,३९३,१७१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको कामको लागि रकम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन पेस नभएकोले सोको प्रमाण पेस गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>आपूर्तकको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७३७/२०७९/३/२४</td><td>कैलाश ट्रेडर्स एण्ड निर्माण सेवा</td><td>जि. आइ. पाइप/तारजाली</td><td>३०००००</td></tr>
<tr><td>७२३/२०७९/३/२४</td><td>कैलाश ट्रेडर्स एण्ड निर्माण सेवा</td><td>एच.डि.पि.इ.</td><td>१००००००</td></tr>
<tr><td rowspan="2">६८१/२०७९/३/२२</td><td>प्रविशा सप्लायर्स</td><td>ग्याविन</td><td>१९८४४६</td></tr>
<tr><td>न्यू अन्जान सप्लायर्स</td><td>पाइप</td><td>३९९७१२</td></tr>
<tr><td>६७०/२०७९/३/२१</td><td>पार्वती ट्रेडर्स</td><td>सोलार बत्ती</td><td>४९७२००</td></tr>
<tr><td>६०२/२०७९/३/६</td><td>प्रविशा सप्लार्यस</td><td>ग्याविन विभिन्न साइजमा १५०</td><td>५८२०००</td></tr>
<tr><td>६०७/२०७९/३/६</td><td>एस.एस. कन्सट्रक्सन</td><td>पाइप</td><td>१९४०००</td></tr>
<tr><td>४४७/२०७९/१/९</td><td>भि.के. एन. सप्लार्यस</td><td>पाइप</td><td>२२१८१३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३३९३१७१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सीमाभन्दा बढीको काम</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा एक करोड रुपैंयासमम लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । त्यस्तै उपनियम २ मा रु.१ करोड सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । पालिकाले वडा नं. ५ मा लिफ्ट सिँचाइ जस्तो जटिल, उपभोक्तासँग प्राविधिक ज्ञान र क्षमता नभएको काम समेत मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी बाहेक रु.१,०७,६१,५१४।— को लागत अनुमान तयार गरी लागत अनुमानै रकम कार्यसम्पन्न देखाई रु.९३,३४,८१५।- भुक्तानी दिएको छ । नियमावलीले तोकेको सीमाभन्दा बढीको लागत अनुमानको कार्य तथा व्यायवसायिक दक्षता नभएको कार्य उपभोक्ताबाट गराउनु नियमसम्मत नभएको रु.</td><td>९,३३४,८१३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ को उपनियम ३ को क(१) मा साठी लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान खुलाउनुपर्ने उल्लेख छ। तर कार्यालयले यस सम्बन्धी व्यवस्था पालना गरेको छैन । | |
| ४९.३ | | | उपभोक्ताले पेस गरेको फाँटबारी परीक्षण गर्दा विभिन्न पार्टीबाट रु.९४,१६,३६७।— को सामान मात्र खरिद गरेको देखिन्छ। एउटै फर्म के.एन.एस. इलेक्ट्रोनिक्स प्रा.लि. बाट मात्र विभिन्न साइजका जि.आइ.पाइप, नटबोल्ट लगायतका सामान मात्र वीना प्रतिस्पर्धा रु.३९,७७,९६८।-, भान्जा एण्ड सन्सबाट जि.आइ. पाइप रु.४१,३३,८००।-, अन्य चार पार्टीहरूबाट रु.१३,०४,४९९।— को सामान खरिद गरेको छ । प्राविधिक रुपमा टिकाउ हुनुपर्ने सामानको गुणस्तर लगायतका बिषयमामा कार्यालयले स्पेशिफिकेसन तयार नगरेको तथा खरिद गरिएका सामानको गुणस्तर परीक्षण भएको छैन ।साथै खरिद भएका सामानको जिम्मा तथा प्रयोगको अवस्थाको यकिन समेत भन्न सक्ने अवस्था रहेन । खरिद गरिएका सबै प्रयोग हुने/नहुने अवस्था समेत हुने अवस्था नभएको हुँदा यसतर्फ तालुक निकायको समेत ध्यान जानुर्ने देखियो । | |
| ४९.४ | | | उपभोक्ताले सामान खरिद गरेपनि उक्त योजनाबाट अझै सिँचाइको कार्य संचालन भएको छैन । सरकारको ठूलो धनराशी खर्च भएको योजनामा त्यसै अलपत्र पर्ने जोखिम कायमै भएको हुँदा यसतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ४९.५ | | | आर्थिक ऐन, २०७८ मा उपभोक्ता समितिलाई रु.५० लाखभन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतको दरले एकमुष्ठ अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार कुल भुक्तानी रु.९३,३४,८१३।—को रु.१,४०,०२२।— अग्रिम कर कट्टी गर्नुपर्नेमा रु.७५,८८०।— मात्र कट्टी गरेको छ । नपुग कर रु.६४,१४२।१९ कर असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ६४,१४२.१९ |
| ५० | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>५७०/२०७९/२/२९</td><td>छलाम भञ्याङ्ग चैनपुर वुङ्गकोट घाट सडक स्तरोन्नति उ.स.</td><td>सडक स्तरोन्नति</td><td>१८७२४६१</td><td>डोजर लोडर</td><td>१६०८२२३</td></tr>
<tr><td>७२५/२०७९/३/२४</td><td>साधभञ्याङ्ग खरी सडक मर्मत उ.स.</td><td>सडक मर्मत</td><td>३८५५५६०</td><td>डोजर लोडर</td><td>१४४७२९९</td></tr>
<tr><td>९/२०७९/२/१२</td><td>वराह कालिका डवल धारा अंगेरी विसौना मोटरबाटो उ.स.</td><td>मोटरबाटो निर्माण</td><td>१८०२६२७</td><td>डोजर लोडर</td><td>१८३४९०१</td></tr>
<tr><td>४/२०७९/१/७</td><td>माथिल्लो रामपुर वडारे गौंवारी चिसापानी मजुवा माथिल्लो जुण्डी सडक निर्माण उ.स.</td><td>सडक निर्माण</td><td>१७९७०२३</td><td>डोजर लोडर</td><td>२२००४४५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>७०९०८६८</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । साथै उपभोक्तालाई रकम भुक्तानी गर्दा दर विश्लेषणको आधार, नापी खरिद बिल तथा सम्झौता अनुसार रकम भुक्तानी दिनुपर्दछ । उपभोक्ता समिति मार्फत मेसिन प्रयोगगरी निर्माण गरिएका बाटोको भुक्तानी सम्बन्धी केही उपभोक्ता समितिको भुक्तानी सम्बन्धी फाँटबारी परीक्षण गर्दा दर विश्लेषण सफ्ट स्वायल (O.S.) र हार्ड स्वायल (H.S.) मा प्रति घनमिटर</td><td>२,१७६,०४४.२८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.८१।-, मिडियम रकमा (M.R.) मा रु.५३०।— र हार्ड रकमा (H.R.) रु.८००।— को दरले दर विश्लेषण गरेको देखियो। भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर थप गरी सफ्ट स्वायल (O.S.) र हार्ड स्वायल (H.S.) मा रु.१५।०५, मिडियम रकमा (M.R.) मा रु.६८।९४ र हार्ड रक (H.R.) मा रु.१०४।— थप गरी क्रमशः रु.९६।०५, ५९८।९४ र ९०४।को दरले रकम भुक्तानी दिएको देखियो । जिल्लाले दर विश्लेषण गर्दा इन्धन, मोविल लगायतको मूल्य अभिवृद्धि कर सहितको मूल्यलाई आधार मानेर दर विश्लेषण गरेकोमा थप मूल्य अभिवृद्धि कर वापत राखी रकम भुक्तानी दिँदा पालिकालाई थप व्ययभार परेको हुँदा देहायका उपभोक्ता समितिबाट बढी भुक्तानी भएको रकम उपभोक्ताको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. | |

| भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी | विवरण $m^3$ | | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ७५४/२०७९/३/२४ | ससाइ, अमराई सडक स्तरोन्नति उ.स. | १०३९५०४ | O.S. | १४०३.०० | २१११५.१५ |
| ७३३/२०७९/३/२४ | ठूलो पँधेरो वराह कालिका सडक स्तरोन्नति उ.स. | ३४७१८४ | MS. | २१०४.०० | ३१६६५.२० |
| ७२५/२०७९/३/२४ | साध भञ्याङ्ग खरी सडक मर्मत उ.स. | ३८५५५६० | MS. | ३४८०.०० | ५२३७४.०० |
| | | | MR. | ५९९.०० | ४१२९५.०६ |
| ७१८/२०७९/३/२४ | कुपिण्डे ठूलो खेत घुम्ती सडक स्तरोन्नति | १९४००० | H.S. | १९२९.०० | २९०३१.४५ |
| | | | MR. | ४८.०० | ४९९२.०० |
| ७०७/२०७९/३/२४ | चिहान डाँडा खेत मैदान निर्माण उ.स. | १६९७५० | H.S. | २०००.०० | ३०१००.०० |
| ६८६/२०७९/३/२३ | साधु गाउँ सडक स्तरोन्नति उ.स. | १४५५०० | H.S. | १३४३.०० | २०२१२.१५ |
| | | | MR. | ५४.०० | ३७२२.७६ |
| ६८२/२०७९/३/२३ | तीनघरे खेल मैदान निर्माण उ.स. | १८१९०७ | MS. | २०८८.०० | ३१४२४.४० |
| ६४६/२०७९/३/१६ | कुसुण्डे खेल मैदना निर्माण उ.स. | १८०९१२ | H.S. | २१२३.०० | ३१९५१.१५ |
| ५६७/२०७९/२/१२ | दोभानटार सडक मर्मत निर्माण उ.स. | १४३०३५६ | H.S. | १२९०.०० | १९४१४.५० |
| ५६२/२०७९/२८१२ | सडक मर्मत तथा निर्माण उ.स. | ४३६६०० | H.S. | ४४३०.०० | ६६६७१.५० |
| | | | MR. | १०१.०१ | ९९९३.९३ |
| ५८७/२०७९/३/४ | डुँडेभञ्याङ्ग सोती हुँदै बुढीगण्डकी सडक | १४५५०० | H.S. | १६३८.०० | २४६५१.९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | निर्माण उ.स. | | | | | |
| | | | ९५/२०७८/११/२ | ठकुरी चौतारा ग्यात्मा सडक स्तरोन्नति उ.स. | १४४३७२ | H.S. | १५६८.०० | २३५९८.४० | |
| | | | १००/२०७८/११/२ | दशैं मर्मत र कृषि सडक उ.स. | ४८५००० | H.S. | ५५९७.०० | ८४२३४.८५ | |
| | | | ९९/२०७८/११/०२ | शाखा सडक मर्मत तल्लो रामपुर सडक उ.स. | १९४००० | H.S. | १९०९.०० | २८७३०.४५ | |
| | | | ६४/२०७८/१०/२७ | घुसेनी भुरे चौतमा सडक निर्माण उ.स. | १४५५०० | H.S. | १६५६.०० | २४९२२.८० | |
| | | | ३७/२०७८/१०/२३ | अर्चले चिसिनी जोदरी सडक निर्माण उ.स. | ९७००० | H.S. | १०७१.०० | १६११८.५५ | |
| | | | ३४/२०७८/१०/२३ | घाटु चौतारो सलडाँडा वडेर वागपाइले सडक उ.स. | २९१००० | H.S. | ३२८४.०० | ४९४२४.२० | |
| | | | ६०/२०७८/१०/२७ | शाखा सडक उ.स. | ८७३००० | H.S. | ९७७६.०० | १४७१२८.८० | |
| | | | | | | H.S. | ५२.०० | ३५८४.८८ | |
| | | | ५६/२०७८/१०/२६ | डाँडा गाउँ तीनपाते सडक स्तरोन्नति उ.स. | १८३७२२ | H.S. | २१३२.०० | ३२०८६.६० | |
| | | | ४३१/२०७८/१२/२४ | वगुवाटार तिनखण्डे पुछार चौतरा सडक उ.स. | २४२५०० | H.S. | १७०५.०० | २५६६०.२५ | |
| | | | ४४०/२०७९/१/५ | एकलटार आँखुखोला जोड्ने सडक उ.स. | १४५५०० | H.S. | १४६५.०० | २२०४८.२५ | |
| | | | ४२०/२०७८/१२/२३ | गुरुङ्ग डाँडा तिनपोटे कृषि सडक स्तरोन्नति उ.स. | ३६६६८६ | H.S. | ४२०१.०० | ६३२२५.०५ | |
| | | | ४१५/२०७८/१२/२३ | अर्चलगैरी सातदोबाटो सडक उ.स. | ९७००० | H.S. | ११०२.०० | १६५८५.१० | |
| | | | ४२५/२०७८/१२/२४ | डुडे भञ्याङ्ग कोइलाबोट टारी सडक वडा नं. ४ उ.स. | १४५५०० | H.S. | १६५८.०० | २४९५२.९० | |
| | | | ४२३/२०७८/१२/२३ | ठूलो पँधेरो मत्सेखोला सडक निर्माण उ.स. | २३९७६१२ | H.S. | १२२२८.०० | १८४०३१.४० | |
| | | | | | | H.S. | १६५७.०० | ११४२३३.६० | |
| | | | | | | H.S. | ५६६.०० | ५८८६४.०० | |
| | | | ३२२/२०७८/१२/१४ | ठोला पुर्सु सडक मर्मत/दशैं बाटो मर्मत | ४८५००० | H.S. | ५५७४.०० | ८३८८८.७० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | उ.स. | | | | |
| ४८९/२०७९/१/९ | तीनखण्डे सिमलगैरी सडक स्तरोन्नति उ.स. | १४५५०० | H.S. | १५६८.०० | २३५९८.४० |
| ४९०/२०७९/१/१० | मगरबेंसी गाउँ चालिसे पन्चिसे डुडे कृषि सडक उ.स. | २९१००० | H.S. | ३४०९.०० | ५१३०५.४५ |
| ३३२/२०७९/१२/१५ | विजपटार ससाने सडक निर्माण उ.स. | १४५५०० | H.S. | ११४६.०० | १७२४७.३० |
| ३७०/२०७८/१२/२१ | माथिल्लो रामपुर ठोडेनी ज्यामिरे मोटर बाटो उ.स. | १९४००० | H.S. | १९०९.०० | २८७३०.४५ |
| ३६६/२०७८/१२/२१ | थुम्की खेल मैदान बिस्तार वडा नं. ७ उ.स. | १६९७५० | H.S. | १९२७.०० | २९००१.३५ |
| ३६५/२०७८/१२/२१ | ठूलो चौतारा सिस्ने मुल विरुवा मोटर निर्माण उ.स. | १४५५०० | H.S. | १४१०.०० | २१२२०.५० |
| ३३९/२०७८/१२/१६ | शाखा सडक मर्मत वडा नं. ३ उ.स. | ३८८००० | H.S. | ३६२५.०० | ५४५५६.२५ |
| ३३६/२०७८/१२/१६ | सालघारी डाँडा सालघारी डाँडा सडक उ.स. | १४५५०० | H.S. | १५०८.०० | २२६९५.४० |
| ३०३/२०७८/१२/१० | वराह कालिका मा.वि. खेल मैदान निर्माण उ.स. | १९४००० | H.S. | २२४०.०० | ३३७१२.०० |
| २११/२०७८/११/३० | बुद्धिपुर सडक स्तरोन्नति उ.स. | १९४००० | H.S. | १९६८.०० | २९६१८.४० |
| २०५/२०७८/११/२६ | सिरिखोला खा.पा. सडक उ.स. | ४८५००० | H.S. | ४८९८.०० | ७३७१४.९० |
| २३७/२०७८/११/३० | आलडाँडा साल ढाडे कृषि सडक उ.स. | ९७००० | H.S. | १११६.०० | १६७९५.८० |
| ११४/२०७८/११/०८ | लाल्चि तीन दोबाटो सडक बिस्तार उ.स. | २७६०७४ | H.S. | २५१८.०० | ३७८९५.९० |
| ११६/२०७८/११/९ | शाखा सडक मर्मत ७ नं. वडा उ.स. | १४५५०० | H.S. | १७४६.०० | २६२७७.३० |
| १२१/२०७८/११/२ | दशैंबाटो मर्मत उ.स. वडा नं. १ | ७१७४३० | H.S. | ८२९६.०० | १२४८५४.८० |
| १३९/२०७८/११/१० | शाखा सडक मर्मत उ.स. वडा नं. ७ | ३३९५०० | H.S. | ३४२०.०० | ५१४७१.०० |
| २८१/२०७८/१२/९ | केराबारी सडक निर्माण उ.स. | १४९५०० | H.S. | ११०१.०० | १६५७०.०५ |
| १०३/२०७८/११/०३ | शाखा सडक निर्माण उ.स. वडा नं. १ | ५८४००० | H.S. | ६३०२.०० | ९४८४५.१० |
| | | | | **जम्मा** | **२१७६०४४.२०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>
जटिलसंरचना निर्माण<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४८३/२०७९/१/८</td><td>काउँले डाँडा डिप बोरिङ्ग वडा नं.६ निर्माण उपभोक्ता समिति</td><td>डिप बोरिङ्ग</td><td>२३१८६२३</td></tr>
<tr><td>६४९/२०७९/३/१६</td><td>पूर्सु डाँडा डिप बोरिङ्ग वडा नं.४ निर्माण उपभोक्ता समिति</td><td>डिप बोरिङ्ग</td><td>२४२५०००</td></tr>
<tr><td>६३०/२०७९/३/१०</td><td>मैदिकोट डाँडा डिप बोरिङ्ग वडा नं.३ निर्माण उपभोक्ता समिति</td><td>डिप बोरिङ्ग</td><td>२४२५०००</td></tr>
<tr><td>७६८/२०७९/३/२४</td><td>छोरी गण्डकी घलेडाँडा लिफ्ट सिँचाई वडा नं. ५ निर्माण उ.स.</td><td>लिफ्ट सिँचाई</td><td>९३३४८१३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१६५०३४३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
उपभोक्ताबाट खरिद<br>
सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उपभोकोक्ता मार्फत सामान खरिद गर्न पाउने देखिदैन ।देहाए अनुसारका उपभोक्ता समितिले सामान खरिद गर्नु नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>आपूर्तकको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७५४/२०७९/३/२४</td><td>सोलार बत्ती खरिद उ.स.</td><td>सेन्टर फर रिसोर्स कन्जरभेसन नेपाल (३०२१००९८९)</td><td>९७००००</td></tr>
<tr><td>५००/२०७९/१/१९</td><td>बाजोगरा कृषक समूह फर्निचर खरिद उ.स.</td><td>प्लाष्टिक ओती प्लाष्टिक विथ फर्निचर</td><td>२१३४००</td></tr>
<tr><td>५१८/२०७९/१/१६</td><td>खानेपानी पाइप खरिद उ.स.</td><td>एच डि पि ई पाइप न्यू अन्सन सप्लायर्स</td><td>४१७०००</td></tr>
</table>
</td><td>३,८६६,०३३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३०/२०७९/९/१९</td><td>सोलार बत्ती जडान तथा विद्युत व्यवस्थापन उ.स.</td><td>के.एन. इलेक्ट्रिक भोटेबहाल काठमाडौं</td><td>१७९४५००</td></tr>
<tr><td>३९७/२०७८/१२/२२</td><td>सडक सोलार बत्ती खरिद उ.स.</td><td>स्मार्ट सोलार प्रा.लि.</td><td>४७११३३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३८६६०३३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>
ग्रावेलमा बढी भुक्तानी<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिले बाटो मर्मत गर्दा प्रयोग गर्ने ग्रावेल दर विश्लेषण अनुसार रोलिङ्ग गर्दा खरिद परिमाणको २५ प्रतिशत र रोलिङ्ग नगर्दा १० प्रतिशत हुने उल्लेख छ । साथै नापी गर्दा अन्यत्रबाट ग्रावेल प्रयोग भए सो समेत यकिन गरी नापी गर्नुपर्दछ । देहायका उपभोक्ता समितिले तोकिएको खोलाबाट खरिद गरेको ग्रावेलमा रोयल्टी बिलको परिमाणको आधारभन्दा बढी परिमाणको नापी देखाई बढी भुक्तानी गरेको देखिन आएकोमा बढी भुक्तानि भएको रकम उपभोक्ताको अंशको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी</th><th>खरिद परिमाण (घ.मि.)</th><th>भुक्तानी परिमाण (घ.मि.)</th><th>बढी परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>७४४/२०७९/३/२४</td><td>ससाइ, अमराई सडक स्तरोन्नति उ.स.</td><td>१०२९५०४</td><td>४२०</td><td>४८१</td><td>६१</td><td>२०२१</td><td>१२३२७०</td></tr>
<tr><td>७२५/२०७९/३/२४</td><td>साध भञ्याङ्ग खरी सडक उ.स.</td><td>३८५५५६०</td><td>७४४</td><td>९९२</td><td>२४८</td><td>२०१९</td><td>५००७१२</td></tr>
<tr><td>५७०/२०७९/२/१९</td><td>हुलाक भञ्याङ्ग चैनपुर वुङ्कोटघाट बाङ्गे सडक उ.स.</td><td>१८७२४६१</td><td>४१६</td><td>९३८</td><td>५२४</td><td>२०२१</td><td>१०५८८९४</td></tr>
</table>
</td><td>३,५८६,७९३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४/२०७८/१०/२०</td><td>अंगेरी बसौला डुंडे भञ्याङ्ग मैदी सडकउ.स.</td><td>३००७७९०</td><td>९५७</td><td>१४४६</td><td>४८९</td><td>२०१९</td><td>९८७२९१</td></tr>
<tr><td>१३५/२०७८/११/१०</td><td>साखाइ अमराई सडक स्तरोन्नति ३ नं. वडा उ.स.</td><td>३४१९६४७</td><td>८२८</td><td>१२८२</td><td>४५४</td><td>२०१९</td><td>९१६६२६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>३५८६७९३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>दाखिला प्रमाण नभएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिममा भए नभएको निरीक्षण परीक्षण गराउनुपर्ने उल्लेखछ । कार्यालयले शिलबन्दी दरभाउको माध्यमबाट सामान आपूर्तक अविरा ट्रेड एण्ड सप्लायर्सबाट अफिस दराज, टेबुल, र्याबक, सोफा लगायतमा रु.१९,९१,६२५।— खरिद गरिएकोमा उक्त सामानको स्पेशिफिकेसन अनुसारको भए नभएको गुणस्तर परीक्षण भएको देखिएन। साथै उक्त सामानको दाखिला प्रतिवेदन समेत पेस नभएको हुँदा उक्त सामान पालिकाको मूल खातामा दाखिला भएको प्रमाण तथा गुणस्तर प्रतिवेदन समेत पेस गर्नुपर्ने रु.</td><td>१,९९१,६२५</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कार्यस्वीकार/कार्यसम्पन्न प्रतिवेदन<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । देहायका विद्यालय तथा उपभोक्ता समितिलाई देहायअनुसार कार्य गर्न रकम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म सम्बन्धित विद्यालय तथा उपभोक्ता समितिले कार्य स्वीकार तथा कार्यसम्पादन प्रतिवेदन तयार गरेको छैन । साथै सम्झौता अनुसारको बिल भरपाई समेत पेस नभएकोले खरिद भएका बिल भरपाई एवं कार्यस्वीकार प्रतिवेदन पेस हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>विद्यालय/उपभोक्ता समितिको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
</table>
</td><td>६,७२९,७३८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १३/२०७९/३/२१ | कालिका काप्रा भञ्याङ्ग आ.वि. | आइ.टि. ल्याव | ६५०००० |
| | कालिका मा.वि. | आइ.टि. ल्याव | ६५०००० |
| | वराह कालिका मा.वि. | आइ.टि. ल्याव | ६५०००० |
| | अन्नपूर्ण मा.वि. | आइ.टि. ल्याव | ६५०००० |
| | त्रिपुरासुन्दरी आ.वि. | आइ.टि. ल्याव | ६५०००० |
| ११/२०७९/३/६ | आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ३ निर्माण उ.स. | भवन निर्माण | २११८८४८ |
| ६/२०७९/२/१९ | धादिङ्ग उर्जा प्रा.लि. समेत | सौर्य बत्ती | ७६०८९० |
| ५५/२०७८/१०/२६ | त्रिपुरासुन्दरी, अन्नपूर्ण वराहदेवी मा.वि. | सि.सि.टि.भि. | ६००००० |
| | | **जम्मा** | **६७२९७३८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **मूल्य अभिवृद्धि कर कट्टी** | ३७४,३६८ |

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.३,७४,३६८।- कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| सि.नं. | सामान आपूर्तकको नाम | मू.अ. कर | कुल भुक्तानी | ३० प्रतिशतले हुने कर |
|---|---|---|---|---|
| १ | के.एन. इलेक्ट्रोनिक्स | ४५७६४३ | ३९७७९६८ | १३७२९३ |
| २ | भान्जा एण्ड सन्स | ४७४३०५ | ४१२२८०० | १४२२९२ |
| ३ | जमबजरङ्ग ट्रेडर्स | ८६८२० | ७५४६६७ | २६०४६ |
| ४ | अविरा ट्रेड एण्ड सप्लायर्स | २२९१२५ | १९९१६२५ | ६८७३७ |
| | | | **जम्मा** | **३७४३६८** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>
दोहोरो नागरिकता<br>
सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७७ को दफा नं. १० अनुसार भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची ३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ९(४) मा दोहोरो नागरिकता नम्बर दोहोरो नहुने गरी विवरण प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले तीनवटै चौमासिक भत्ता नगदै वितरण गरेकोमध्ये नमूना छनौटमा प्रथम त्रैमासिकको भरपाई परीक्षण गर्दा निम्नानुसार लाभग्राहीको नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरेको पाइयो । यस सम्बन्धमा पालिकाकाबाट यकिन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>लक्षित समूह</th><th>दोहोरो नागरिकता भएको संख्या</th><th>दर</th><th>भत्ता रकम</th></tr>
<tr><td>१</td><td>पूर्ण अपाङ्ग</td><td>७</td><td>११९७०</td><td>८३७९०</td></tr>
<tr><td>२</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>५५</td><td>१२०००</td><td>६६००००</td></tr>
<tr><td>३</td><td>एकल महिला</td><td>१२</td><td>७९८०</td><td>९५७६०</td></tr>
<tr><td>४</td><td>विधवा</td><td>६</td><td>७९८०</td><td>४७८८०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>८८७४३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
दाखिला गर्न बाँकी कर<br>
कर संकलकले देहाय अनुसार बुझाउनु पर्ने मूल्य अभिबृद्दी कर रु.११०५७०४ संघिय संचित कोषमा दाखिला गर्नु पर्नेमा लेखापरीक्षण अवधि सम्म पालिकाको नामबाट बुझाएको नदेखिएकोले सम्बन्धित कर संकलकबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>ठेकेदारको नाम</th><th>आय ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>मू अ क रकम</th></tr>
<tr><td>१</td><td>सि.एल. कनस्ट्रक्सन गोसाइकुण्ड-६ रसुवा (६०४३१२२७५)</td><td>०२/०७८/७९ नदिजन्य पदार्थ वडा नं. ५ र ७</td><td>६०११११११</td><td>६९१५४४</td></tr>
<tr><td>२</td><td>कर्लस निर्माण सेवा (६०९६६९८४४)</td><td>०१/०७८/७९ नदिजन्य पदार्थ वडा नं. १</td><td>३६०००००</td><td>४१४१६०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९६११११११</td><td>११०५७०४</td></tr>
</table>
</td><td>१,१०५,७०४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>
असुल गर्न बाँकी कर<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार दुई व्यवसायिबाट रु ५७६६७०० असुल गर्ने बाँकी रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>ठेकेदारको नाम</th><th>आय ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>दाखिला रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>१</td><td>सि.एल. कनस्ट्रक्सन गोसाइकुण्ड-६ रसुवा (६०४३१२२७५)</td><td>०२/०७८/७९ नदिजन्य पदार्थ वडा नं. ५ र ७</td><td>६०११११११</td><td>२४०४४११</td><td>३६०६७००</td></tr>
<tr><td>२</td><td>कर्लस निर्माण सेवा (६०९६६९८४४)</td><td>०१/०७८/७९ नदिजन्य पदार्थ वडा नं. १</td><td>३६०००००</td><td>१४४००००</td><td>२१६००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९६११११११</td><td>३८४४४११</td><td>५७६६७००</td></tr>
</table>
तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्रासीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.
</td><td>५,७६६,७००</td></tr>
<tr><td>६१</td><td>१४२</td><td>२०७९-३-२२</td><td>
अनुगमन भत्ता<br>
प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ७३ बमोजिम स्थानीय तह अन्तर्गत संचालित रोजगार आयोजनाहरुको सम्बन्धित गाउँ कार्यपालिकाले नियमित रुपमा अनुगमन मूल्यांकन गर्नुपर्ने उल्लेख छ । साथै अनुगमन गरे वापत अनुगमन भत्ता पाउने उल्लेख गरेको देखिंदैन । पालिकाले भौ.नं. १४२।२०७९।३।२२ बाट प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालन भएको विभिन्न आयोजनाहरुको अनुगमन गरेको भनी ८ जनालाई रु.१,०००।- का दरले रु.६६,०००।- भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत पेश नगरेकोले कर कट्टीपछि रु.५६,१००।- असुल हुनुपर्ने रु.
</td><td>५६,१००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>दिन</th><th>रकम</th><th>१५ प्रतिशत कर पछि</th></tr>
<tr><td>१</td><td>उपाध्यक्ष धर्म बहादुर अर्याल</td><td>९</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td>२</td><td>प्र प्र अ बद्रिनाथ लम्साल</td><td>९</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td>३</td><td>लेखा अधिकृत विदुर शर्मा नेपाल</td><td>९</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td>४</td><td>इ अ छैठौ उद्धव रिमाल</td><td>९</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td>५</td><td>लेखापाल कमल काफ्ले</td><td>९</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td>६</td><td>ना सु बाबुराम ढुवाडी</td><td>९</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td>७</td><td>स ई ज्ञानेन्द्रजंग शाह</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>८</td><td>प्रा स मुना थापा मगर</td><td>९</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td colspan="3">जम्माः</td><td>६६०००</td><td>५६१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>बढी निकासा<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै अवकास प्राप्त भएका शिक्षकहरुको तलब भत्ता निकासा गर्दा कार्यरत दिनसम्मका लागि र सरुवा भई आउने शिक्षकको रमाना अनुसार निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षकहरुको तलब भत्ता निकासा गर्दा अवकास भएको र सरुवा भई आएका शिक्षकको रमना मिति अगाडीको समेत निकसा गरेकोले सो रकम सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>६७,८४४.६४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकास/सरुवा मिति</th><th>बढी निकासा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>संस्कृत तथा साधारण मा.वि. २</td><td>ज्ञानु थापा</td><td>२०७९।३।१८</td><td>१७७९२.६४</td><td>आषाढ १२ दिन</td></tr>
<tr><td>२</td><td>त्रिपुरा सुन्दरी मा.वि. ५</td><td>चन्द्र बहादुर तामाङ्ग</td><td>२०७८।११।१४</td><td>५००५२</td><td>माघ देखि चैत्र (माघ र फाल्गुणको १३ दिन बढि)</td></tr>
<tr><td colspan="4">जम्माः</td><td>६७८४४.६४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्ति<br>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालय संख्या</th><th>शिक्षक दरवन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्तिमध्ये करार/राहत</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>४०</td><td>२१८</td><td>२१५</td><td>७६</td><td>४६३५</td></tr>
</table>
पालिका अन्तर्गत ४० वटा विद्यालयमा २१८ जना शिक्षक दरबन्दी भएकोमा २१५ जना पदपूर्ति र पदपूर्तिमध्ये ७६ जनाकरार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ४६३५ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **छात्रवृत्ति वितरण** | |
| ६४.१ | १०३ | २०७९-३-३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १०३।२०७९।३।३ बाट ३८ विद्यालयहरुका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.८,८२,४००।- भुक्तानी भएकोमा निम्नानुसार १७ वटा विद्यालयहरुले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु. | ३९३,६०० |

| सि.नं. | विद्यालयकोनाम | छात्रवृत्ति रकम |
|---|---|---|
| १ | आदर्श आ.वि. | १०००० |
| २ | रातामाटा आ.वि. | ८८०० |
| ३ | वैष्णवी आ.वि. | ६५०० |
| ४ | बुढिगण्डकी आ.वि. | ११६०० |
| ५ | कालिका कप्रभन्ज्याङ्ग आ.वि. | ३७१०० |
| ६ | कालिका मा.वि. | ५०००० |
| ७ | सुनछायाँ आ.वि | १०४०० |
| ८ | देवीस्थान आ.वि. | १२०० |
| ९ | सालवासआ.वि. | २४००० |
| १० | ज्ञानबोध आ.वि. | १२०० |
| ११ | सुनखानी मा.वि. | ७७४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>स्थानपति आ.वि.</td><td>१८४००</td></tr>
<tr><td>१३</td><td>सिमल गैरी आ.वि.</td><td>३७३००</td></tr>
<tr><td>१४</td><td>मनकामना आ.वि.</td><td>५२००</td></tr>
<tr><td>१५</td><td>ठुलोचौर मा.वि.</td><td>४२७००</td></tr>
<tr><td>१६</td><td>अमरावती मा.वि.</td><td>४१८००</td></tr>
<tr><td>१७</td><td>गाल्मा आ.वि.</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>३९३६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४.२</td><td>१०३</td><td>२०७९-३-३</td><td>त्यसै गरी पालिकाले विद्यार्थी संख्याको आधारमा रकम निकासा गरेकोमा २१ वटा विद्यालयहरुले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश गरेकोमा निकासा गरेको भन्दा कम भर्पाई पेश गरेकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>भर्पाई बमोजिम</th><th>बढी रकम</th></tr>
<tr><td>१</td><td>पिपलटार आ.वि.</td><td>३७२००</td><td>२८८००</td><td>८४००</td></tr>
<tr><td>२</td><td>बालादेवी मा.वि. खरी ५</td><td>३०९००</td><td>२४०००</td><td>६९००</td></tr>
<tr><td>३</td><td>अन्नपूर्ण मा.वि.</td><td>२१६००</td><td>२०४००</td><td>१२००</td></tr>
<tr><td>४</td><td>खड्गदेवी आ.वि.</td><td>१४५००</td><td>१३६००</td><td>९००</td></tr>
<tr><td>५</td><td>शमि भन्ज्याङ्ग उ.मा.वि.</td><td>६५९००</td><td>५२६००</td><td>१३३००</td></tr>
<tr><td>६</td><td>पासाङ्गल्हामु आ.वि.</td><td>१९७००</td><td>१३२००</td><td>६५००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>१८९८००</td><td>१५२६००</td><td>३७२००</td></tr>
</table>
</td><td>३७,२००</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>पाठ्यपुस्तक वितरण<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र</td><td>१,७६८,५१३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा ७५ प्रतिशत रकम निकासा दिएकोमा दोस्रो पटक विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग भएमा मात्र बाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै भुक्तानी दिएकोले देखियो । विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण बेगर भुक्तानी दिएकोले सो पेश गर्नुपर्ने रु. | |

| सि.नं. | विद्यालयको नाम | ७५ प्रतिशत निकासा | थप निकासा | जम्मा निकासा |
|---|---|---|---|---|
| १ | आदर्श आ.वि. | ८२८७ | ० | ८२८७ |
| २ | रातामाटा आ.वि. | २७७५२ | १२७०६ | ४०४५८ |
| ३ | वैष्णवी आ.वि. | ७४२३ | ० | ७४२३ |
| ४ | बुढिगण्डकी आ.वि. | ८३६३ | २३६० | १०७२३ |
| ५ | कालिका कर्पभन्ज्याङ्ग आ.वि. | ६४२१७ | १८९७४ | ८३१९१ |
| ६ | कालिका मा.वि. | १४२२४२ | १७८१२ | १६००५४ |
| ७ | मण्डली आ.वि. | ४१७०५ | १६२६५ | ५७९७० |
| ८ | सुनछायाँ आ.वि | १७९७८ | ० | १७९७८ |
| ९ | देवीस्थान आ.वि. | २४६६ | ० | २४६६ |
| १० | सालवास आ.वि. | ४५२२४ | २३५४५ | ६८७६९ |
| ११ | ज्ञानबोध आ.वि. | ३८८८ | १६१५६ | २००४४ |
| १२ | सुनखानी मा.वि. | १९३८३४ | ५९६६७ | २५३५०१ |
| १३ | स्थानपति आ.वि. | १६३२० | ४८ | १६३६८ |
| १४ | सिमल गैरी आ.वि. | ५३८३८ | १९४६१ | ७३२९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५</td><td>मनकामना आ.वि.</td><td>११५८०</td><td>०</td><td>११५८०</td></tr>
<tr><td>१६</td><td>संस्कृत तथा साधारण मा.वि.</td><td>१९४३९९</td><td>७८६४२</td><td>२७३०४१</td></tr>
<tr><td>१७</td><td>समिभञ्ज्याङ्ग उ.मा.वि.</td><td>१७५७१५</td><td>२५३४९</td><td>२०१०६४</td></tr>
<tr><td>१८</td><td>ठुलोचौर मा.वि.</td><td>११६१०२</td><td>२०१३७</td><td>१३६२३९</td></tr>
<tr><td>१९</td><td>खड्कादेवी आ.वि.</td><td>२३८८१</td><td>१०९७३</td><td>३४८५४</td></tr>
<tr><td>२०</td><td>बौद्ध धर्म आ.वि.</td><td>३४३१७</td><td>१४४८६</td><td>४८८०३</td></tr>
<tr><td>२१</td><td>बराहा कालिका मा.वि.</td><td>१७४३३०</td><td>४०४२१</td><td>२१४७५१</td></tr>
<tr><td>२२</td><td>परोपकार आ.वि.</td><td>२२०२९</td><td>५६२१</td><td>२७६५०</td></tr>
<tr><td colspan="2">जम्मा:</td><td>१३८५८९०</td><td>३८२६२३</td><td>१७६८५१३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>इन्टरनेट खर्च</td><td></td></tr>
<tr><td>६६.१</td><td>६५</td><td>२०७८-११-१</td><td>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१० को क्रियाकलाप ५.१ बमोजिम सुचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रति विद्यालय वार्षिक रु.१२,०००।- का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष ४० वटा विद्यालयहरुलाई भौ.नं. ६५।२०७८।११।१ बाट रु.४,९२,०००।- इन्टरनेट जडान तथा जडित इन्टरनेट शुल्क भुक्तानीको लागि रकम निकासा गरेको देखियो । सो विद्यालयहरु मध्ये निम्नानुसार २१ वटा विद्यालयहरुले इन्टरनेट जडान तथा जडित इन्टरनेट शुल्क भुक्तानीको बिल भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>छात्रवृत्ति रकम</th></tr>
<tr><td>१</td><td>आदर्श आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>२</td><td>रातामाटा आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>३</td><td>वैष्णवी आ.वि.</td><td>१२०००</td></tr>
</table>
</td><td>२५२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>शिवशक्ति बाल बिकास केन्द्र</td><td>१२०००</td></tr>
<tr><td>५</td><td>बुढिगण्डकी आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>६</td><td>कालिका भन्ज्याङ्ग आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>७</td><td>शमि भन्ज्याङ्ग मा.वि.</td><td>१२०००</td></tr>
<tr><td>८</td><td>कालिका मा.वि.</td><td>१२०००</td></tr>
<tr><td>९</td><td>मण्डली आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>१०</td><td>जागृति आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>११</td><td>सुनछायाँ आ.वि</td><td>१२०००</td></tr>
<tr><td>१२</td><td>त्रिपुरासुन्दरी मा.वि.</td><td>१२०००</td></tr>
<tr><td>१३</td><td>देवीस्थान आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>१४</td><td>महारुद्र बाल बिकास केन्द्र</td><td>१२०००</td></tr>
<tr><td>१५</td><td>सालवासआ.वि.</td><td>१२०००</td></tr>
<tr><td>१६</td><td>ज्ञानबोध आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>१७</td><td>सुनखानी मा.वि.</td><td>१२०००</td></tr>
<tr><td>१८</td><td>स्थानपति आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>१९</td><td>सिमल गैरी आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>२०</td><td>नवोदित आ.वि.</td><td>१२०००</td></tr>
<tr><td>२१</td><td>सालवास मा.वि.</td><td>१२०००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>२५२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>त्यसैगरी बालादेवी माध्यमिक विद्यालयलाई इन्टरनेट जडान तथा जडित इन्टरनेट शुल्क भुक्तानीको लागि रु.१२,०००।- निकासा गर्नुपर्नेमा रु.२४,०००।- निकासा गरेकोले बढि निकासा रकम असुल हुनुपर्ने रु.</td><td>१२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **शिक्षण सिकाईमा ICT प्रयोग** | |
| ६७.१ | १३४ | २०७९-३-२१ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१३ को क्रियाकलाप ९.७ बमोजिम स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी माध्यमिक तहमा गणित, अङ्गेजी र विज्ञान विषय पढाइरहेका, कम्प्यूटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम शिक्षकको ICT को माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने प्रस्ताव पेश गर्न लगाउने र ती छनौट भएका विद्यालयहरुलाई गणित, अङ्गेजी र विज्ञान विषयका Kits र Networking Internet आदि व्यवसथापन गर्न लागउँदा आपवश्यक पर्ने फर्निचर, कम्प्यूटर, उपकरण, विद्युतिय अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामग्री व्यवस्थापन गर्न सुनिश्चितता कायम गरी एकमुष्ठ रुपमा अनुदान निकासा दिने व्यवस्था छ । साथै विद्यालयहरुले खरिद ऐन नियम अनुसार सिकाई सामग्रीहरु खरिद गरेपश्चात बिल भर्पाई तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यव्स्था छ । पालिकाले यस वर्ष ७ वटा विद्यालयहरुलाई ICT वापत एकमुष्ठ रु.६,५०,०००।- का दरले भौ.नं.१३४।२०७९।३।२१ बाट रु.४५,५०,०००।- भुक्तानी गरेकोमा धुसेनी मा.वि. बाहेक निम्नानुसार विद्यालयहरुले बिल भरपाई र जिन्सी दाखिला लगायतको प्रमाण कागजात पेश नगरेकोले सो पेश गर्नुपर्ने रु. | ३,९००,००० |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | सिमल गैरीआ.वि. | ६५०००० |
| २ | परोपकार नि.मा.वि. | ६५०००० |
| ३ | मण्डली आ.वि. | ६५०००० |
| ४ | बौद्ध धर्म नि.मा.वि. | ६५०००० |
| ५ | रातामाटा आ.वि. | ६५०००० |
| ६ | पिपलटार आ.वि. | ६५०००० |
| **जम्माः** | | **३९०००००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७.२</td><td>१३४</td><td>२०७९-३-२१</td><td>त्यसैगरी निम्नानुसार २ वटा विद्यालयलाई शैक्षिक सामाग्री Kits खरिदको लागि रु.५०,०००।- दरले भौ.नं.१३४।२०७९।३।२१ बाट रु.१,००,०००।- भुक्तानी गरेकोमा बिल भरपाई पेश नभएकोले सो पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयकोनाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>सालवास आ.वि.</td><td>५००००</td></tr>
<tr><td>२</td><td>कालिका कर्पभञ्ज्याङ्ग नि.मा.वि.</td><td>५००००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>१०००००</td></tr>
</table></td><td>१००,०००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिको सो आय बर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समाबेश गरिने र कुल करयोग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले निम्नानुसार कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर कट्टि नगरेकोले सो असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>पद र नाम</th><th>कुल आय</th><th>कर योग्य आय</th><th>कट्टा गर्नुपर्ने कर</th><th>कट्टा गरेको कर</th><th>दाखिला गर्नुपर्ने कर</th></tr>
<tr><td>१</td><td>सि.ह.हे.व.अ. सुजन श्रेष्ठ</td><td>८०७७३२</td><td>६१०७८८</td><td>२६६५७</td><td>६००८</td><td>२०६४९</td></tr>
<tr><td>२</td><td>अनमि छैठौ रमिला थापा मगर</td><td>६४५८०९</td><td>५३६२३२</td><td>१३१२३</td><td>५४२१</td><td>७७०२</td></tr>
<tr><td colspan="4">जम्माः</td><td>३९७८०</td><td>११४२९</td><td>२८३५१</td></tr>
</table></td><td>२८,३५१</td></tr>
<tr><td>६९</td><td>१९९</td><td>२०७९-३-२४</td><td>बैठक भत्ता<br>अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसंचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१ बमोजिम बैठक कार्यालय समय अघि वा पछि बस्नुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाउने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा ३ जना आमन्त्रित सदस्यलाई मात्र भत्ता उपलब्ध गराउन सक्ने उल्लेख छ । पालिकाले विभिन्न मितिमा</td><td>१४१,९५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वास्थ्य संस्थाहरुको मासिक प्रगति समिक्षा तथा रिपोर्टिङ्ग बैठक बसी भौ.नं. १९९।२०७९।३।२४ बाट रु.१,६८,८००।- भत्ता वितरण गरेको देखियो । समय नखुलाई एउटै निकायका कर्मचारीहरु बैठक बसी निम्नानुसार भत्ता वितरण गरेकोले असुल हुनुपर्ने रु. | |

| सि.नं. | नाम | दिन | रकम | १५ प्रतिशत कर पछि |
|---|---|---|---|---|
| १ | प्र प्र अ बद्रिनाथ लम्साल | ९ | ९००० | ७६५० |
| २ | लेखा अधिकृत विदुर शर्मा नेपाल | ९ | ९००० | ७६५० |
| ३ | स्वा शा प्र सुजन श्रेष्ठ | १० | १०००० | ८५०० |
| ४ | प्र शा प्र अनिता छत्कुली थापा | ४ | ४००० | ३४०० |
| ५ | लेखापाल कमल काफ्ले | ६ | ६००० | ५१०० |
| ६ | अनमी अन्जना पोखरेल | १० | १०००० | ८५०० |
| ७ | सु प्र अ केदार इटनी | २ | २००० | १७०० |
| ८ | स्वा शा प्र गणेश गुरुङ्ग | ९ | ९००० | ७६५० |
| ९ | स्वा शा प्र विष्णु विक | १० | १०००० | ८५०० |
| १० | स्वा शा प्र निर बहादुर आले | १० | १०००० | ८५०० |
| ११ | अ हे व कविता चौधरी | २ | २००० | १७०० |
| १२ | आ स्वा से के प्र रंगिला पुलामी | १० | १०००० | ८५०० |
| १३ | स्वा सं प्र इन्द्र बहादुर थापा | १० | १०००० | ८५०० |
| १४ | स्वा सं प्र नेत्र कुमारी पाठक | १० | १०००० | ८५०० |
| १५ | स्वा सं प्र सुशिला श्रेष्ठ | १० | १०००० | ८५०० |
| १६ | विद्यालय नर्स सपना इटनी | ३ | ३००० | २५५० |
| १७ | विद्यालय नर्स आयुष्मा गिरी | ३ | ३००० | २५५० |
| १८ | विद्यालय नर्स टिका माया आले मगर | ८ | ८००० | ६८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९</td><td>विद्यालय नर्स पुजा पन्त</td><td>८</td><td>८०००</td><td>६८००</td></tr>
<tr><td>२०</td><td>अ हे व खगेन्द्र प्रसाद जोशि</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२१</td><td>कविराज सरोज कुमार चौधरी</td><td>६</td><td>६०००</td><td>५१००</td></tr>
<tr><td>२२</td><td>स्वा चौ प्र रविन थापा</td><td>८</td><td>८०००</td><td>६८००</td></tr>
<tr><td>२३</td><td>स्वा सं प्र रेखा खकुरेल</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२४</td><td>स्वा सं प्र सुशिला लगुन</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२५</td><td>ल्या अ गरिमा श्रेष्ठ</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२६</td><td>सि अनमी रमिला थापा</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२७</td><td>सि अ हे व दुर्गा नारायण श्रेष्ठ</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२८</td><td>विद्यालय नर्स सुष्मा श्रेष्ठ</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२९</td><td>अनमी शर्मिला छत्कुली</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>३०</td><td>प्र स धन बहादुर मास्की</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>३१</td><td>ना सु बाबुराम ढुवाडी</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१६७०००</td><td>१४१९५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td>१२२, २</td><td>२०७९-३-१९</td><td>औषदि खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) बमोजिम सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैयांसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य, वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले निशुल्क वितरणका लागि औषधी तथा सर्जिकल सामानहरु खरिदको लागि रु. २० लाख रुपैयाँ लागत अनुमान तयार गरी मिति २०७८।८।१२ मा राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन गरेकोमा ३ वटा फर्मले बोलपत्र पेश गरेको देखियो । बोलपत्रमध्ये सबभन्दा कम कबोल अंक डालिमा मेडिसेल्सले रु.१८,६१,५१०।- कबोल गरेकोले त्यो फर्मलाई</td><td>११०,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छनौट गरी मिति २०७८।१०।१८ सम्म औषधी आपूर्ति गर्नुपर्ने म्याद राखी मिति २०७८।९।१९ मा रु.१९,७१,७६०।- को सम्झौता गरेको छ । डालिमा मेडिसिेल्सले सम्झौता बमोजिम औषधी आपूर्ति गरी मिति २०७८।९।२० मा रु.१९,७१,७६०।- को बिल पेश गरेकोमा दाखिला प्रतिवेदन र बोलपत्र कबोल अनुसार रु.१८,६१,५१०।- देखिन्छ। कबोल अंकभन्दा बढि रकममा सम्झौता गरी सो बमोजिमको बिलमा एउटा आईटम बढि राखी पेश गरेकोमा दाखिला प्रतिवेदन अनुसार कम देखिएकोले रु.१,१०,२५०।- बढी भुक्तानी भएको असुल हुनुपर्ने रु. | |
| ७१ | १५० | २०७९-३-२२ | **अनुगमन भत्ता**<br>स्वास्थ्य मन्त्रालयद्धारा जारी कार्यक्रम संचालन मार्गदर्शन, २०७८ अनुसार संघिय अनुदानबाट सञ्चालन हुने कार्यक्रममा अनुगमन वापतको भत्ता प्राप्त गर्ने व्यवस्था भएको देखिंदैन । पालिकाले ६ दिनसम्म आमा सुरक्षा र प्रजनन स्वास्थ्य कार्यक्रमको अनुगमन गरेको भनी भौ.नं. १५०।२०७९।३।२२ बाट स्वास्थ्य शाखा प्रमुख सुजन श्रेष्ठलाई रु.१,५००।- का दरले ६ दिनको रु.७,६५०।-(कर कट्टी पछि), नर्सिङ फोकल पर्सन अन्जना पोखरेललाई रु.१,५००।- का दरले ६ दिनको रु.७,६५०।-(कर कट्टी पछि) भुक्तानी गरेको देखियो । नियम विपरित भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | १५,३०० |
| ७२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८५(१ख) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यबस्था उल्लेख छ ।पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा मसलन्द तथा कार्यालय सामाग्री खरिद कार्य गर्दा नियम बिपरित टुक्रा पारी निम्न आपुर्तिकर्ताबाट रु ५९,८७,३५४। को मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको देखियो।खरिद कार्यलाई थप प्रभावकारी बनाउंन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेख्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ नं र मिति</th><th>रकम</th><th>आपुर्तिकर्ता</th><th>सामग्री विवरण</th></tr>
<tr><td>४५२,३।२४</td><td>५१७६४८</td><td>निलबण्ठ प्रेष एण्डस्टेशनरी</td><td>रजिस्टरलगायतका १०आईटम</td></tr>
<tr><td>३१९,२।१९</td><td>१०४४१२</td><td>न्यू त्रिपुरासुन्दरी छापाखाना</td><td>नक्सा पास अभिले किताब</td></tr>
<tr><td>३८४,३।२०</td><td>५०००००</td><td>विभिन्न फर्महरु</td><td>विभिन्न सामाग्रीहरु</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>नाफामुलक संस्थाको खर्च<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पुर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने उल्लेख छ ।पालिकाले वडा नं ६ मा रहेको बचत ऋण सहकारी संस्थालाई भौचर नं ४०४ मिति २०७९।३।२२ मा सि सि टि भि जडान कार्यका लागि सामान खरिद तथा जडान खर्च बापतको रकम रु १,४५,५००।भुक्तानी गरेको देखियो।व्यक्तिको स्वामित्वमा रहेको नाफामुलक संस्थालाई भुक्तानी भएको सरकारी रकम असुल हुनु पर्ने रु</td><td>१४५,५००</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>कार्यक्रम खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को १० मा सरकारी रकमको खर्च लेख्नु अघि रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भर्पाई वा प्रमाण कागजात संलग्न भए वा नभएको तथा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ ।पालिकाले विभिन्न कार्यक्रम खर्चहरुको भुक्तानी गर्दा कुन मितिमा कार्यक्रम संचालन, उपस्थिति वा प्रशिक्षार्थीहरु, कतिजना, हाजिरी विबरण, कुन स्थानमा कार्यक्रम भएको, प्रशिक्षकले कुन विषयबस्तुमा प्रशिक्षण गरे, लगायतका यावत कुराहरुको अभिलेख नराखी, कार्यक्रम संचालन भएको फोटो समेत संलग्न नगरी, कार्यक्रम प्रतिबेदनको आधार वेगर संचालन भएको भनी गरिएको खर्च भुक्तानी सम्बन्धमा विश्वस्त हुन सकिएन। अत:तोकिएको कार्यक्रम संचालनसंग सम्बन्धित कागजातहरु तथा कार्यालयबाट समेत अनुगमनको व्यबस्था गरी कार्यक्रम सम्पन्न भएको प्रतिवेदन सहितको आभारमा मात्र खर्च भुक्तानी गर्नु</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पर्दछ। उदाहरणका लागि निम्न बमोजिम उल्लेख गरिएको छ।
<table>
<tr><th>भौचर नं र मिति</th><th>कार्यक्रमको नाम</th><th>कैफियत</th><th>रकम</th></tr>
<tr><td>२८१, ३।२४</td><td>विपन्न तथा दलित महिला कार्यक्रम</td><td>कार्यक्रम ०७९।१।२ देखि ५ सम्म संचालन भनेकोमा उपस्थित प्रशिक्षार्थिको हाजिरी लगायतका विबरण, कार्यक्रम कार्यदिशमा २०७८।१२।१२ देखि ०७९।२।१ सम्म संचालन गर्नु पर्ने उल्लेख,प्रशिक्षण कसले गरे लगायतका विबरण उल्लेख नभएको।</td><td>३०००००</td></tr>
<tr><td>२९१, १।२१</td><td>महिला क्षमता विकास कार्यक्रम</td><td>प्रशिक्षणको विषयबस्तु,प्रशिक्षण कसले,प्रशिक्षार्थीको उपस्थिति तथा हाजिरी विबरण,लगायतका कार्यक्रमसंग सम्बन्धि प्रतिबेदन नभएको।</td><td>१०००००</td></tr>
<tr><td>३६२,३।१६</td><td>ढाका बुनाई तालिम कार्यक्रम</td><td>२ महिने ढाका बुनाई तालिम संचालनको स्थान,कहिले देखि कहिलेसम्म,कति जनालाई,कसले तालिम प्रदान गरेको प्रशिक्षार्थीको उपस्थिति विबरण लगायतका विबरणहरु संलग्न नभएको।</td><td>३९४०५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>प्रधामन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा गोरेटो बाटो निर्माण, सडक सोलिङ्ग, नाला निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३४७ जनालाई रोजगारी उपलव्ध गराई रु.९८,०१,५१३।- खर्च गरेको छ । लक्षित वर्गलाई ४५ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सहभागी भत्ता</td><td>९,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यकम कार्यान्वयन मार्गदर्शन २०७८।७९ अनुसार सार्वजनिक निकायले प्रदेश सशर्त अनुदानबाट सञ्चालित कार्यक्रममा अनुमगन गरे वापत भत्ता वितरण हुने व्यवस्था देखिँदैन। त्यस्तै अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७५ को आठौं संशोधनको बुदा नं ७. मा सार्वजनिक निकायले संचालन गर्ने कार्यक्रममा सहभागीले दैनिक ७०० का दरले २ दिनसम्म चल्ने कार्यक्रमको लागि एकमुष्ट २०० का दर र २ दिन भन्दा माथि जतिसुकै दिन कार्यक्रम संचालन भएको कायक्रममा रु.५०० यातायात खर्च दिने व्यवस्था रहेको छ । पालिकाले बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रममा सहभागी भएको भनी ३३ सहभागीलाई भौ. नं. १७।२०७८।१२।१ बाट प्रति सहभागी रु.१०००।— का दरले रु.३३,०००।-सहभागी वापतको भत्ता वितरण गरेको देखिन्छ । निर्देशिका विपरीत बढी भुक्तानी भएको रु.९,९००।- असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ७७ | | | **अनुगमन भत्ता**<br>स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यकम कार्यान्वयन मार्गदर्शन २०७८।७९ अनुसार सार्वजनिक निकायले प्रदेश सशर्त अनुदानबाट सञ्चालित कार्यक्रममा अनुमगन गरे वापत भत्ता वितरण हुने व्यवस्था देखिँदैन। पालिकाले निम्नानुसार कार्यक्रमको अनुमगन गरेको भनी देहायका २६ जना पदाधिकारी तथा कर्मचारीलाई १५ प्रतिशत कर कट्टी गरी अनुमगन वापतको भत्ता वितरण गरेको देखिन्छ । मार्गदर्शन विपरीत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ३२,३०० |

| गो भौ नं र मिति | कार्यक्रमको नाम | अनुगन वापत भुक्तानी | जम्मा भुक्तानी रकम |
| --- | --- | --- | --- |
| १६/२०७८/१२/०१ | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम | ५ जनालाई २ हजारका दरले | ८५०० |
| १८/२०७८/१२/१० | एक विद्यालय एक नर्स कार्यक्रम | ७ जनालाई १ हजारका दरले | ५९५० |
| १९/२०७८/१२/१० | एक विद्यालय एक नर्स कार्यक्रम | १३ जनालाई १ हजारका दरले | ११०५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३१/२०७९/३/२० — एक विद्यालय एक नर्स कार्यक्रम — ४ जनालाई १ हजारका दरले २ दिनको — ६८०० | |
| | | | जम्मा ३२३०० | |
| ७८ | | | **बढी अनुदान**<br>स्थानीय तहमा विनियोजित सशर्त अनुदान वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८।७९ को न्यूनतम सेवा मापदण्ड सुधारका लागि स्वास्थ्य संस्था (प्र.स्वा.के. हेल्थपोष्टलाई अनुदान कार्यक्रम) अनुसार समस्या सुधारका गर्न कार्ययोजना बनाउन लगाई सो कार्ययोजना अनुसार कार्य गर्न शर्त सहित सम्बन्धित स्वास्थ्य स्वास्थ संस्थाको खातामा रु.५० हजारका दरले अनुदान प्रदान गर्ने व्यवस्था छ । यस गाउँपालिकाले निम्नानुसार ४ स्वास्थ्य चौकीलाई मार्गदर्शन विपरीत प्रति स्वास्थ्य संस्था रु.१ लाखका दरले कार्ययोजना बेगर रु.४,००,०००।०० अनुदान प्रदान गरेको छ । अनुदानपश्चात पालिकाले सम्बन्धित स्वास्थ्य संस्थाको कार्य प्रगतिको अनुगमन पनि गरेको छैन । अतः मार्गदर्शन विपरीत बढी अनुदान दिएको रु.२,००,०००- असुल हुनुपर्ने रु. | २००,००० |

| | | | |
|---|---|---|---|
| ३१/२०७९/३/२० | एक विद्यालय एक नर्स कार्यक्रम | ४ जनालाई १ हजारका दरले २ दिनको | ६८०० |
| | | जम्मा | ३२३०० |

| सि.नं. | स्वास्थ्य चौकीको नाम | हुनुपर्ने | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|
| १ | मैदी स्वास्थ्य चौकी | ५०००० | १००००० | ५०००० |
| २ | खरी स्वास्थ्य चौकी | ५०००० | १००००० | ५०००० |
| ३ | दोला स्वास्थ्य चौकी | ५०००० | १००००० | ५०००० |
| ४ | सालवास स्वास्थ्य चौकी | ५०००० | १००००० | ५०००० |
| | जम्मा | २००००० | ४००००० | २००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **रितपूर्वकको कर बिजक**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर विजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.३१,२७८।- समेत रु.२,७१,८७८।- सामान तथा निर्माण सेवा खरिद गरेको | ३१,२७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मूअकर कर रकम</th></tr>
<tr><td>३७/२०७१/३/२४</td><td>युनाइटेड ट्रेड कन्सर्न</td><td>६०८२८०८३५</td><td>विजक मिति नभएको</td><td>२७१८७८</td><td>३१२७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>साझेदारी कार्यक्रम<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने वील, भर्पाई तथा प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था उल्लेख छ।ICDC साझेदारी कार्यक्रम अन्तर्गत एकिकृत सामुदायिक विकास अभियानसंग मिति २०७८।१०।२८ मा सम्झौता गरी वडा नं १ स्थित देवीस्थान लिफ्टिङ खानेपानी,उत्कृस्ठ कृषकका लागि सहयोग अन्तर्गत टनेल निर्माण सामाग्री र कृषकका लागि फलफुल र घाँसको बीउ वितरण कार्यबापत भौचर नं ४३३ मिति २०७९।३।२४ मा रु ११६४०००।भुक्तानी गरेको देखियो।उक्त कार्यक्रम अन्तर्गत टनेल निर्माण सामाग्री रु २१५७४०।खरिद गरी वितरण भनिएकोमा किसान छनौट प्रकृया,कति जना किसानलाई, कुन मितिमा, कति परिमाणका सामाग्री वितरण भएको हो सो नखुलेको तथा भर्पाई समेत संलग्न भएको देखिएन।तसर्थ कार्यक्रम प्रतिबेदन सहितको टनेल निर्माण सामाग्री बुझिलिएको सम्बन्धित कृषकको भर्पाई पेश हुनु पर्ने रु</td><td>२१५,७४०</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>कृषि तथा पशु कार्यक्रम<br>सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराएने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि, पशु, सहकारी संस्थालाई पशु पालन, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिदमा अनुदान दिई रु.३२,२५,०००।खर्च गरेको छ तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छैन।साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नभएको ,कतिपय अनुदानमा प्राविधिक मुल्यांकन सहित भुक्तानी हुनु पर्नेमा वील भर्पाई ,डोर हाजिरीका आधारमा भुक्तानी भएको र पशुपंक्षीको हकमा स्वास्थ्य परीक्षण सर्टिफिकेट,र पशु विमा सर्टिफिकेट आदीका बारेमा उल्लेख भएको देखिएन ।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनुपर्दछ। | |
| ८२ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ को १ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेका र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई आएका तथा कुनै प्रकारबाट प्राप्त हुन आएका सम्पत्ति तथा जिन्सी मालसामानको बिवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताब तथा सिस्टममा आम्दानी बाँधी लगत अद्यावधिक गर्नु पर्ने व्यबस्था उल्लेख छ ।पालिकाले विभिन्न मितिमा कार्यालय तथा विभिन्न वडा र शाखा महाशाखाबाट खरिद भएका सामानहरु जिन्सीमा आम्दानी नबाँधेको तथा वडा तथा शाखाका लागि खरिद भएका सामानहरु पालिकाको मुल अभिलेखमा दाखिला नभएको र वडा तथा शाखाको सहायक जिन्सी खातामा समेत आम्दानी जनाएको देखिएन।सम्बन्धित ठाउँका लागि खरिद भएका मालसामानको जिन्सी हस्तान्तरण प्रमाण समेत संलग्न भएको देखिएन।उदाहरणका लागि निम्न अनुसार उल्लेख गरिएको छ। | |

| भौचर नं र मिति | सप्लायर्स।कार्य | सामाग्री | रकम |
|---|---|---|---|
| ४३९,३।२४ | सफ्टवेयर संचालन कार्य | १५० AH ट्यूवलर ४ थान लगायत ५ आईटम | ४९८३९० |
| ३१९,२।१९ | न्यू त्रिपुरासुन्दरी छापाखाना | नक्सापास किताब लगायत का | १०४४१२ |
| ४२३,३।२३ | बुढी गण्डकी क्याम्पस व्यबस्थापन | डेक्सटप फर्निचर लगायतका १२ आईटम्स | ११०००० |
| ४२५,३।२३ | वडा नं ४ का स्वास्थ्य चौकीमा | डेक्सटप १ थान लगायत १९ आईटम्स | ३००००० |
| ३२८,३।१ | नीलकण्ठ क्याम्पसलाई | फर्निचर सोफा | १५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **न्यायिक समितिको बैठक भत्ता** | २२,९५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नेपालको संविधान,२०७२ को धारा २१७ मा प्रत्येक स्थानीय तहमा उप प्रमुख वा उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समिति रहने व्यबस्था रहेको छ ।त्यसै गरी बागमति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धमा बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को (पहिलो संशोधन) अनुसुचि १(ग) मा न्यायिक समितिको संयोजक र सदस्यका लागि मात्र बैठक भत्ता दिन पाउंने व्यबस्था उल्लेख छ।पालिकाले भौचर नं ४०६,२०७९।३।२२ मा समितिका पदाधिकारी बाहेक निम्न कर्मचारीहरुलाई बैठक भत्ता भुक्तानी गरेको देखियो।तोकिएको समितिका पदाधिकारीहरु बाहेक अन्य पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी गरेको बैठक भत्ता असुल हुनु पर्दछ।
<table>
<tr><th>पद र नाम</th><th>बैठक संख्या</th><th>दर</th><th>कर बाहेक रकम</th></tr>
<tr><td>प्र. प्र. अ. बद्रीनाथ लम्साल</td><td>६</td><td>१०००।</td><td>५१००</td></tr>
<tr><td>ले. अ. विदुर शर्मा नेपाल</td><td>५</td><td>१०००।</td><td>४२५०</td></tr>
<tr><td>ले. सहायक कमल काफ्ले</td><td>५</td><td>१०००।</td><td>४२५०</td></tr>
<tr><td>आ. ले. प. प्रेम बहादुर बुढा मगर</td><td>५</td><td>१०००।</td><td>४२५०</td></tr>
<tr><td>का. स. बलराम अधिकारी</td><td>६</td><td>१०००।</td><td>५१००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२२,९५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>खेलकुद कार्यक्रम<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आबश्यक प्रमाण कागजात तथा खर्चको यथार्थता झल्किने प्रतिबेदन सहितको कागजात संलग्न हुनु पर्ने उल्लेख छ।पालिकाले पालिका तथा वडा कार्यालयहरु मार्फत विभिन्न प्रकारका खेलकुद कार्यक्रमहरु संचालन भए बापत रु ४० लाख २५ हजार खर्च गरेको छ।पालिकाले निम्न बमोजिमका भुक्तानीमा सो संग सम्बन्धित आबश्यक प्रमाण कागजातहरु,कार्यक्रम प्रतिबेदन संलग्न नगरी खर्चका बील भर्पाई मात्र संलग्न गरी भुक्तानी गरेको देखियो।यसरी खेलकुदका कार्यक्रम सम्पन्न भएको भनी गरिएको भुक्तानीमा, कुन मितिमा, कहाँ सम्पन्न, सहभागी टिम, विजेता टिम, खेलाडी संख्या, व्यबस्थापनमा संलग्न व्यक्ती तथा उपस्थितिका विबरण नखुलाई खेल सम्पन्न</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको भनी गरिएको भुक्तानीमा विश्वस्त हुन सकिएन।अतः खर्चसंग सम्बन्धित प्रमाण कागजातहरु र तोकिएको कार्यको कार्यक्रम प्रतिबेदन समेतका आधारमा मात्र भुक्तानी गर्नु पर्दछ । यस्ता कार्यक्रमका उदाहरण निम्न बमोजिम रहेको छ।<br><table>
<tr><th>भौचर नं र मिति</th><th>विवरण</th><th>कैफियत</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४२६,।३।२३</td><td>वडा नं ४ मा खेलकुद कार्यक्रम</td><td>पुरस्कारमा २ वटा खसी बोका वितरण</td><td>१०००००</td></tr>
<tr><td>४२८,३।२४</td><td>वडा नं ६ मा खेलकुद कार्यक्रम</td><td>जर्सी खरिद मात्र</td><td>२०००००</td></tr>
<tr><td>४१२,३।२२</td><td>वडा नं ३ मा खेल सामग्री खरिद</td><td>सामाग्री खरिद</td><td>२९९०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। यस स्थानीय तहले २०७८।७९ कोआर्थिक कारोबारको चौमासिक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ ।आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुलाई हालसम्म पालिकाले फस्यौंट गरेको छैन । अतः उक्त रकम असुल फस्यौंट गर्नुपर्दछ । उक्त बेरुजु देहायअनुसार छः</td><td></td></tr>
<tr><td>८५.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम रीत पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कालिकास्थान टारी सडक उपभोक्ता समितिको लागत अनुमान रु.१०,८५,६४८।- कायम गरिएको, नापी किताब ता ठेक्का बिल अनुमान भएको तर Mix Soil Cutting को परिमाण ४८०१ घ. मी. लागत अनुमान भएको तर ६२३२ घ.मी. को नापी किताब कायम गरी रु.१,३६,७५५।९९ र Medium Rock Cutting ६६।१२ घ. मी. लागत अनुमान भएकोमा र१०४।५८ घ. मी. नापी किताब कायम गरी रु.२३,०३३।- गरी जम्मा रु.१,५९,७८८।९९ बढी भुक्तानी भएकी सम्बन्धित उपभोक्ता समितबाट असुल गर्नुपर्ने रु.</td><td>१५९,७८८.९९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८५.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९, ५६ र ५७ मा बिल भरपाईको आधारमा लेखा राखुपर्ने व्यवस्था रहेको छ । सामुदायिक सिकाइ केन्द्र शौचालय निर्माण कार्यको लागि उपभोक्ता समितले सालको काठ खरिद वापत प्रति क्यू फिट १०५० का दरले रु.८०,९९७।- बराबरको काठ आमडाँडा साामुदायिक वन उपभोक्ता समितिसँग खरिद गरेको भरपाई राखेको पाइएकोले सम्बन्धित वन उपभोक्ता समितिबाट नगदी रसिद वा विल संलग्न गरी नियमित गर्नुपर्ने रु. | ८०,९९७ |
| ८५.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम बीस हजारभन्दा माथिको सामग्री खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लिएको व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था विपरीत लल्चि पोखरी निर्माण उपभोक्ता समितिलाई गरिएको भुक्तानी भ्याट विल पेस गरी नियमित गर्नुपर्ने रु. | १७५,००० |
| ८५.४ | ३ | २०७९-३-२३ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम बीस हजारभन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लिएका सँग खरिद गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति र गाउँपालिकाबीच कार्य सम्पन्न गर्ने सम्झौताका शर्तहरूमा मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवा खरिद गर्दा बीस हजार भन्दा बढी मूल्यको सामग्री अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गरी बिल विजक पेस गर्नुपर्नेमा सो विपरीत ४५ घ.मी. गिट्टी र २२ घ.मी. बालुवाको जम्मा रु.१५६०००।- भ्याट विल पेस गरी नियमित गर्नुपर्ने रु. | १५६,००० |
| ८५.५ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २५ मा कारोबार राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गीकरण तर्जुमा गरी महालेखा परीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्नु सक्ने व्यवस्था नियमावली, २०७७ नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य सार्वजनिक निर्माण कालिका होम स्टे तथा रोधिघर सामुदायिक पर्यटन पूर्वाधार कार्यक्रमबाट परामर्श सेवा तर्फको DPR OF HOMESTAY AND COMMUNITY BUILDING AT JWALAMUKHI-5 को लागि Smart Engineering And Design Solution Pvt. Ltd. लाई खर्च शीर्षक फरक पारी भुक्तानी गरिएको तथा भुक्तानी गर्दा भ्याट ३० प्रतिशत कट्टा नगरिएकोले भ्याट समायोजन गरी नियमित गर्नुपर्ने रु. | ६९१,२७७.५ |